गतिविधि

आ.व. २०८१/०८२ को वार्षिक गतिविधि, जानकारीमूलक विषयवस्तु र सङ्क्षिप्त तथ्याङ्कसम्बन्धी प्रकाशन

वर्ष ८ अङ्क ७ असार २०८२

सङ्रक्षक
डा. महाश्रम शर्मा
अध्यक्ष

जङ्ग बहादुर अर्याल
सदस्य सचिव

सम्पादक
बद्रीबहादुर पाठक

सम्पादक मण्डल
जनार्दन वास्तोला
जयप्रकाशप्रसाद कुशवाहा

भाषा सम्पादन
विश्वनाथ सञ्जेल

कम्प्युटर सेटिङ
अजित दवाडी

प्रकाशक
राष्ट्रिय परीक्षा बोर्ड
शाखा कार्यालय, हेटौँडा, मकवानपुर

मुद्रण
गौरीशङ्कर छापाखाना (अफसेट प्रेस)
हेटौँडा-२, मकवानपुर
सम्पर्क नं.: ९८५५०६८५४१
इमेल: gaurishankerpress@gmail.com

प्रकाशकीय...

शिक्षा मानव जीवनको अस्तित्व हो । शिक्षाको उज्यालो प्रकाशले व्यक्तिको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई पूर्ण मानिस बनाउन सहयोग गर्दछ । असल र सुसंस्कृत शिक्षाबाट व्यक्तिलाई इमान्दार, अनुशासित, नैतिकवान र समाज तथा राष्ट्रप्रति आफ्नो कर्तव्यपालन गर्न सक्ने बनाउन सक्दछ । औपचारिक शिक्षा प्राप्त गर्ने खुड्किलोमध्ये विद्यालय शिक्षा मानवजीवनको सिकाइको लागि आधारस्तभ हो । आजको युग विज्ञान र प्राविधिको युग हो । यसको सकारात्मक उपयोगले मानव जीवनलाई सरल र सहज बनाएको छ । विद्यालय तहको पाठ्यक्रमले राखेका उद्देश्यहरू के कति मात्रामा पूरा भए नभएको जानकारी लिन मूल्याङ्कन गर्नुपर्ने हुन्छ । बदलिँदो परिवेशअनुसार मूल्याङ्कनका प्रणाली र प्रक्रियाहरूमा समेत परिवर्तन हुँदै आएका छन् । सिकाइ निरन्तर चलिरहने प्रक्रिया भएकोले सिकारुलाई उत्प्रेरित गरी अपेक्षित उपलब्धी हासिल गराउन कक्षाकोठा र कक्षाकोठा बाहिर विविध क्रियाकलापहरू सञ्चालन गरिन्छ । विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धीको मूल्याङ्कन गर्न मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये परीक्षा सञ्चालन गर्नु हाम्रो दायित्व हो । शिक्षाका मूल सरोकार शिक्षक, अभिभावक र विद्यार्थी सक्रियताका साथ सिकाइ प्रक्रियामा लाग्दा मात्रै अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ ।

साविकको उच्च माध्यमिक शिक्षा परिषद् वि.स. २०७३ को शिक्षा ऐनको संशोधनसँगै राष्ट्रिय परीक्षा बोर्डमा रूपान्तरण भएपछि मूल्याङ्कन कार्यको मात्र जिम्मेवारी प्राप्त हुन आएको छ । बोर्डको शाखा कार्यालयको रूपमा रहेको यस कार्यालयले सम्पादन गरेका गतिविधि, परीक्षासँग सम्बन्धित कार्य र केही तथ्याङ्कीय जानकारी दिने उद्देश्यले यो प्रकाशन यहाँहरूको हातमा ल्याउने प्रयास गरेका छौं । यस कार्यालयका प्रथम सेवाग्राही विद्यार्थीहरू, कक्षा १२ अध्यापन गराउने क्याम्पस प्रमुख/विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरूलाई छिटो छरितो सेवा उपलब्ध गराउन कार्यालयबाट विभिन्न प्रयासहरू गरिएका छन् । यस गतिविधिमा हाल कार्यरत कर्मचारीहरूको विवरण र जिल्लागत क्याम्पस प्रमुख/ विद्यालयका प्रधानाध्यापकहरूको सम्पर्क नम्बरहरू र रजिष्ट्रेशन तथा परीक्षा आवेदन फारम भर्दा ध्यान दिनुपर्ने विषयहरू समावेश गरिएको छ । त्यस्तैगरी आन्तरिक तथा वाह्य परीक्षकले राख्ने प्रयोगात्मक विषयहरूको सूची र प्रयोगात्मक अङ्क पठाउने समय सीमासम्बन्धी सामान्य जानकारी समेत दिइएको छ । यस प्रकाशनबाट कार्यक्षेत्रका क्याम्पस एवम् विद्यालयको विवरण तथा अन्य गतिविधिबारे सूचना लिन चाहने महानुभावहरूलाई केही मात्रामा भए पनि सहयोग पुग्ने अपेक्षा लिएका छौं । प्रकाशित सामग्रीमा प्राविधिक कारणले कुनै त्रुटी भएको पाइएमा सहयोगी हातहरूबाट सकारात्मक सुझाव र सल्लाहको अपेक्षा गरेका छौं ।

कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरणः

क्र.सं.	कर्मचारीको नाम	पद	मोबाइल नं.
१.	श्री बद्रीबहादुर पाठक	कार्यालय प्रमुख	९८५५०६९९१२
२.	श्री जनार्दन बास्तोला	शाखा अधिकृत	९८४१२१४६७७
३.	श्री जयप्रकाश प्रसाद कुशवाहा	शाखा अधिकृत	९८४१४६७७८४
४.	श्री पुरुषोत्तम देउजा	लेखा सहायक	९८४१६२६८२६
५.	श्री सजल आचार्य	प्रसाशन सहायक	९८४२२९९६७२
६.	श्री सुनिता पाण्डे	प्रसाशन सहायक	९८४५१०३८१०
७.	श्री श्याम विलास खड्ग	प्रसाशन सहायक	९८५५०७७०७०
८.	श्री लक्ष्मी अर्याल	प्रसाशन सहायक	९८४५३५९२७२
९.	श्री अजित दवाडी	कम्युटर सहायक	९८४१८२९०२७
१०.	श्री रामनारायण चौधरी	प्रशासन सहायक	९८६३०००१४७
११.	श्री जयबहादुर थिङ्ग	सवारी चालक	९८४५२०६१५९
१२.	श्री अकले लामा	कार्यालय सहयोगी	९८४५२९८७२५
१३.	श्री दिपेन्द्र कार्की	कार्यालय सहयोगी	९८४१०५२३७७
१४.	श्री हरिकृष्ण अर्याल	कार्यालय सहयोगी	९८४९४६४२६२
१५.	श्री रामकृष्ण अर्याल	सुरक्षा गार्ड	९८६५२१२२५८
१६.	श्री श्रीकृष्ण अर्याल	सुरक्षा गार्ड	९८६५२१२९५६
१७	श्री भगवती दहाल	माली	९८४५२८९९७८

कार्यालय स्थापना भएपश्चात कार्यरत कार्यालय प्रमुखहरूको विवरण

क्र.सं.	नाम	देखि	सम्म
१.	श्री हरिगोविन्द महर्जन	२०६३/१०/०१	२०६५/०६/२५
२.	श्री जीतबहादुर चौहान	२०६५/०७/०१	२०६६/०२/२३
३.	श्री गोविन्दराज खनिया	२०६६/०३/०३	२०६७/११/०९
४.	श्री अनिरुद्र धमला	२०६७/११/१०	२०७१/१२/२१
५.	श्री जनार्दन बास्तोला	२०७१/१२/२३	२०७३/०७/२३
६.	श्री यमबहादुर खड्का	२०७३/०७/२४	२०७४/०५/१२
७.	श्री हुमनाथ शर्मा	२०७४/०५/१३	२०७५/०६/०९
८.	श्री रुद्रहरि भण्डारी	२०७५/०६/१०	२०७५/११/२८
९.	श्री जनार्दन बास्तोला	२०७५/११/२९	२०७६/०१/१४
१०.	श्री कृष्णप्रसाद घिमिरे	२०७६/०१/१५	२०८१/१२/२०
११.	श्री जनार्दन बास्तोला	२०८१/१२/२१	२०८२/०२/२५
१२.	श्री बद्रीबहादुर पाठक	२०८२/०२/२६	

नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :- २०८१/०८२

च.नं. :

मिति : २०८२/०४/२०



शुभकामना

राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौँडा, मकवानपुरले आफ्नो सेवाक्षेत्र अन्तर्गतका जिल्लाहरूमा सम्पादन गरिएका कार्यहरु, शैक्षिक तथ्याङ्क तथा समसामयिक विषयवस्तुहरू समेटेर **"गतिविधि-२०८२"** नामक मुखपत्र प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ।

राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको सन्दर्भमा सुशासनको प्रत्याभूतिका लागि समयवद्ध शैक्षिक क्यालेन्डर तथा स्पष्ट कार्यविधि निर्माण गरी कार्यान्वयन गर्दै आएको छ। विद्यार्थी मूल्याङ्कनको मानकको रूपमा सर्वाधिक प्रचलनमा रहेको औपचारिक साधन परीक्षालाई थप स्वच्छ मर्यादित व्यवस्थित बनाउन परीक्षा तथा मूल्याङ्कन प्रणालीको संस्थागत सुदृढीकरण गर्नु पर्ने आवश्यकता रहन्छ। यसै सन्दर्भमा विद्यालय तहको पाठ्यक्रम संरचना तथा परीक्षासँग सम्बन्धित विविध जानकारीहरू, शिक्षक रोष्टर, विद्यालय विवरण सम्बन्धी जानकारी एवं संस्थागत परिचय समावेश गरी प्रकाशित हुने यो प्रकाशनले सेवा प्रवाहमा सरल, सहज र गुणस्तरीयता कायम गर्नमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने अपेक्षा राखेको छु। यस कार्यालयबाट हालसम्म प्रवाह हुँदै आएका सेवाहरूमा अझ समयानुकूल सुधारको अपेक्षा राख्दै प्रकाशन हुन लागेको यस पुस्तिकाका माध्यमबाट कार्यालयसँग सम्बन्धित तथ्याङ्कहरू र आवश्यक जानकारीहरु सहज रूपमा सम्प्रेषित भई सेवाग्राहीहरूले अझ सहज ढंगले सेवा प्राप्त गर्नुहुने विश्वास लिएको छु।

अन्त्यमा, यस मुखपत्रले शैक्षिक सुशासनको प्रत्याभूति एवं सरोकारवालाहरूमा सकारात्मक सन्देश प्रवाह भै समन्वय, सहकार्य र सहयोगको भावना विकास हुने आवश्यक आधार तयार पार्ने अपेक्षा गरिएको छ। प्रकाशोन्मुख मुखपत्र पठनीय र सूचनामूलक हुनेछ भन्ने विश्वासका साथ यसको निरन्तरता र सफलताको शुभकामना व्यक्त गर्दछु।

.....

डा. महाश्रम शर्मा

अध्यक्ष

फोन : ६६३०८४८, ६६३१३४४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३४०७३ फ्याक्स: ६६३०५४८, ६६३०८४८

इमेल: info@neb.gov.np वेभ:www. neb.gov.np

विषयसूची

क्र.सं.	विषय	पेज नं.
१.	नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड	१
२.	राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय, हेटौँडा, मकवानपुर	२
३.	व्यवहारिक अभ्यास तालिम (OJT) को प्रबोधीकरण कार्यक्रम	५
४.	केन्द्राध्यक्षहरूको लागि अभिमुखीकरण कार्यक्रम	८
५.	उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण अभिमुखीकरण कार्यक्रम	११
६.	कक्षा १२ वार्षिक परीक्षा समीक्षा कार्यशाला	१३
७.	हाम्रो शिक्षा प्रणाली र गुणस्तरीयताको सबाल	१६
८.	नेपालको माध्यमिक तहको वर्तमान मूल्याङ्कन प्रणाली : एक समग्र अध्ययन	२२
९.	विद्यार्थी ड्रप आउट दर न्यूनीकरणका सवालमा सामयिक सङ्क्षिप्त चर्चा	२९
१०.	कार्यक्षेत्रका जिल्लामा सञ्चालनमा रहेका क्याम्पस/विद्यालयहरुको विवरण	३२
११.	प्राविधिक विद्यालयहरूको विवरण	४५
१२.	कार्यक्षेत्र अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाई प्रमुखहरूको सम्पर्क विवरण	४६
१३.	आ.व. २०८१/०८२ सालको परीक्षा केन्द र केन्द्राध्यक्ष विवरण	४७
१४.	माध्यमिक शिक्षा कक्षा ११/१२ को पाठ्यक्रम संरचना र विषयगत समूह	५३
१५.	परीक्षासँग सम्बन्धित महत्वपूर्ण जानकारीहरू	६२
१६.	कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर	६५

नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड

परिचयः

माध्यमिक तहको परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने गरी स्थापना भएको राष्ट्रिय परीक्षा बोर्डको मूल दायित्व विद्यालय तहको परीक्षा प्रणालीलाई व्यवस्थित, मर्यादित, विश्वसनीय, वस्तुनिष्ठ र गुणस्तरीय बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हो । शिक्षा ऐन (आठौँ संशोधन), २०७३ ले व्यवस्था गरे बमोजिम साविकको उच्च माध्यमिक शिक्षा परिषद्को खारेज भई राष्ट्रिय परीक्षा बोर्ड स्थापना भएको हो । नेपालको संविधान २०७२ कार्यान्वयनपश्चात तत्कालीन अवस्थामा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्पादन हुँदै आएका विद्यालय अनुमति, सम्बन्धन, छात्रवृत्ति, विद्यालय सञ्चालनसम्बन्धी कार्य स्थानीय सरकारबाट व्यवस्थापन हुने र पाठ्यक्रम निर्माण, विकास एवम् समकक्षता निर्धारणसम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट सम्पादन गर्ने गरी कार्यक्षेत्र निर्धारण भएका छन् । राष्ट्रिय परीक्षा बोर्डको कार्यक्षेत्रभित्र कक्षा १० (SEE) को परीक्षा एवम् कक्षा ११ र १२ (माध्यमिक तहको अन्तिम परीक्षा) को परीक्षासम्बन्धी कार्य तोकिएको छ । साथै, कक्षा १० को परीक्षा प्रादेशिकस्तरमा सञ्चालन गर्ने र समग्र विद्यालय शिक्षाको परीक्षालाई समेत दिशा निर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डको कार्यक्षेत्रभित्र समाहित गरिएको छ । शिक्षा ऐनमा भएको व्यवस्थाअनुसार विद्यालय शिक्षाको परीक्षा सञ्चालन, व्यवस्थापन र उन्नयनका लागि स्थापना गरिएको राष्ट्रिय परीक्षा बोर्डको मूल कार्य परीक्षा पद्धतिको विकासमा केन्द्रित रहेको छ ।

राष्ट्रिय परीक्षा बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्थाको रूपमा शिक्षा ऐनमा परिभाषित गरिएको छ । बोर्डको सबै कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप रहेको छ । उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन हुँदै आएका सबै काम कारवाही राष्ट्रिय बोर्डबाट सञ्चालन भइरहेका छन् । उच्च माध्यमिक शिक्षा परिषद्को नाममा रहेको चल/अचल सम्पत्ति तथा दायित्व राष्ट्रिय परीक्षा बोर्डमा सरेको छ ।

बोर्डको गठन :

शिक्षा ऐन २०२८ को आठौँ संशोधनमा राष्ट्रिय परीक्षा बोर्डको गठन तथा बोर्डको काम, कर्तव्य र अधिकार निम्नबमोजिम व्यवस्था गरीएको छ ।

१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षासम्बन्धी क्षेत्रमा कम्तिमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा ख्याति प्राप्त शिक्षाविद्हरू मध्येबाट कम्तीमा एकजना महिलासहित मन्त्रालयले मनोनयन गरेका दुई जना सदस्य रहेको समितिको सिफारिसका आधारमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

२) शिक्षा मन्त्रालयको सचिव -उपाध्यक्ष

३) मन्त्रालयको सहसचिव (विद्यालय शिक्षा हेर्ने) -सदस्य

४) महानिर्देशक, शिक्षा विभाग (हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र) -सदस्य

५) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र -सदस्य

६) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् -सदस्य

७) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय -सदस्य

८) प्राध्यापन, शिक्षा प्रशासन र परीक्षा क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट बोर्डले मनोनित गरेका कम्तिमा दुईजना महिलासहित तीनजना -सदस्य

९) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्राध्यानाध्यापकहरू मध्येबाट कम्तिमा एकजना महिलासहित मन्त्रालयले मनोनित गरेका दुईजना -सदस्य

१०) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठ कर्मचारीहरू मध्येबाट मन्त्रालयले तोकेको कर्मचारी -सदस्य सचिव

राष्ट्रिय परीक्षा बोर्डको काम, कर्तव्य र अधिकारः

क) मन्त्रालयले स्वीकृत गरेको परीक्षासम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने/गराउने,

ख) बोर्डको दीर्घकालीन योजनातयार गरी कार्यान्वयन गर्ने/गराउने,

ग) विद्यालय शिक्षा, परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने/गराउने,

घ) बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

ङ) बोर्डको काम सुचारु रूपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने,

च) बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

छ) तोकिएबमोजिमको अन्य कामहरू गर्ने/गराउने ।

बोर्डको कार्यालय तथा कार्य सञ्चालन :

राष्ट्रिय परीक्षा बोर्डको केन्द्रीय कार्यालय साविकको उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालय रहेकै स्थान भक्तपुर जिल्ला सानोठिमीमा रहेको छ । राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत कक्षा ११ र १२ को परीक्षा र कक्षा १० को परीक्षासम्बन्धी कार्य छुट्टाछुट्टै परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन भइरहेका छन् ।

बोर्डको केन्द्रीय कार्यालय, सातवटा प्रदेश व्यवस्थापन कार्यालयहरू र पाँचवटा शाखा कार्यालयहरूबाट तोकिएको कार्यक्षेत्रका जिल्लाका विद्यार्थीहरूलाई प्रमाणपत्रहरू वितरण लगायतका कामहरू सम्पादन हुने गरेका छन् ।

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय, हेटौँडा, मकवानपुर

परिचयः

तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् हेटौँडा कार्यालय वि.सं. २०६३ सालमा स्थापना भई मिति २०६३ माघ ०१ गतेबाट सेवा सुचारु भएको थियो । शिक्षा ऐन आठौं संशोधन २०७३ ले साविक उच्च माध्यमिक शिक्षा परिषद्लाई राष्ट्रिय परीक्षा बोर्डमा रूपान्तरण गरेकोले मिति २०७३/०३/१६ बाट नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडा मकवानपुरको रूपमा सञ्चालन हुँदै आएको छ । यस कार्यालयको कार्यक्षेत्र बागमती प्रदेशको मकवानपुर र चितवन तथा मधेश प्रदेशको रौटहट, बारा र पर्सा गरी पाँच जिल्ला तोकिएको छ । यी जिल्लाका माध्यमिक विद्यालय र क्याम्पसमा सञ्चालित कक्षा ११ र कक्षा १२ को परीक्षासँग सम्बन्धी कार्यहरू रजिष्ट्रेशन आवेदन, परीक्षा आवेदन, परीक्षा सञ्चालनसम्बन्धी तयारी, उत्तरपुस्तिका सङ्कलन, परीक्षण र नतिजा प्रकाशनपश्चात विद्यार्थीलाई ट्रान्सक्रिप्ट, माइग्रेसन, प्रोभिजनल, सप्लिमेन्ट (TMP/S) प्रमाणपत्र वितरणसम्बन्धी कार्य गर्दछ । हाल यस कार्यालयले हेटौँडा उपमहानगरपालिका वडा नं २ स्थित नगरपालिका रोडमा भाडाको घरबाट सेवा प्रवाह गरिरहेको छ ।

यस बोर्डबाट सम्पादन हुने कार्यहरूको विवरण :

क. **रजिष्ट्रेशन आवेदनसम्बन्धी**

- विद्यार्थी रजिष्ट्रेशन फाराम वितरण, रुजु र तोकिएको रजिष्ट्रेशन शुल्कको बैंक भौचरसहित सङ्कलन गर्ने ।
- रजिष्ट्रेशन फारामअनुसारको विवरण कम्प्युटरमा प्रविष्टि, रुजु कार्य ।
- रजिष्ट्रेशन नम्बर कायम गरी टिप्लिकेट र रजिष्ट्रेशन कार्ड वितरण गर्ने ।
- रजिष्ट्रेशनको डाटा केन्द्रमा पठाउने र विद्यालयगत अभिलेख राख्ने ।

ख. परीक्षा आवेदनसम्बन्धी

- परीक्षा आवेदन फाराम, समष्टिगत फाराम प्रयोगात्मक प्राप्ताङ्क फाराम वितरण गर्ने ।
- तोकिए बमोजिम परीक्षा शुल्कको बैंक भौचरसहित परीक्षा आवेदन फाराम रुजु र सङ्कलन गर्ने ।
- परीक्षा आवेदन फारामअनुसारको विवरण कम्प्युटरमा प्रविष्टि, रुजु कार्य ।
- सिम्बोल नम्बर कायम गरी परीक्षा प्रवेशपत्र, टिप्लिकेट वितरण गर्ने र परीक्षा आवेदनको विद्यालयगत अभिलेख राख्ने ।

ग. परीक्षा सञ्चालन पूर्व र सञ्चालनको व्यवस्थापन

- कार्यक्षेत्रका जिल्लामा समन्वय गरी परीक्षा केन्द्र निर्धारणसम्बन्धी प्रक्रियागत कार्यहरू गर्ने ।
- परीक्षा केन्द्रमा उत्तरपुस्तिका ढुवानी कार्य
- केन्द्राध्यक्ष नियुक्तिपश्चात् अभिमुखीकरण कार्य गर्ने ।
- परीक्षा सञ्चालनका लागि आवश्यक सामग्री वितरण र परीक्षा केन्द्रको आर्थिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
- प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क सङ्कलन, कम्प्युटरमा प्रविष्टि, रुजु कार्य गरी केन्द्रमा पठाउने ।
- सञ्चालित परीक्षाको अनुगमन कार्य गर्ने ।

घ. परीक्षा सञ्चालनपश्चातका कार्यहरू

- परीक्षा केन्द्र तथा सुरक्षा निकायबाट उत्तर पुस्तिका सङ्कलन र प्याकिङ गर्ने ।
- उत्तरपुस्तिका तोकिएको परीक्षण केन्द्रमा पठाउने र प्राप्त उत्तरपुस्तिका परीक्षण गर्ने गराउने ।
- उत्तरपुस्तिका सम्परीक्षण गराउने र परीक्षण भएका उत्तरपुस्तिका केन्द्रीय कार्यालयमा पठाउने ।
- पुनर्योग र मिसिङसम्बन्धी निवेदन सङ्कलन गरी केन्द्रीय कार्यालयमा पठाउने ।

ङ. नतिजा प्रकाशन पश्चातका कार्यहरू

- कक्षा १२ उत्तीर्ण भएका विद्यार्थीलाई तोकिएको बैंक भौचर लिइ ट्रान्सक्रिप्ट, माइग्रेसन, प्रोभिजनल, सप्लिमेन्ट (TMPS) वितरण गर्ने ।
- विद्यार्थीको प्रमाणपत्र वितरणसम्बन्धी कार्य गर्ने ।
- परीक्षासम्बन्धी अन्य गोप्य कार्यहरू ।
- परीक्षा सञ्चालनको प्रक्रिया सम्बन्धमा समीक्षा गरी आगामी दिनमा सुधारका लागि केन्द्र कायम भएका विद्यालय र राष्ट्रिय परीक्षा बोर्डमा लिखित सुझावहरू प्रदान गर्ने ।

च. आ.व. २०८१/०८२ मा सम्पादन गरीएको कार्यको तथ्याङ्कगत विवरण

१. राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडा अर्न्तगत् शैक्षिक वर्ष २०८२ का लागि कक्षा ११ को रजिष्ट्रेशन दर्ता / रजिष्ट्रेशन गरेका विद्यार्थी सङ्ख्या विवरण

क्त सं.	जिल्ला	जम्मा विद्यालय सङ्ख्या	सङ्ख्या
१	मकवानपुर	६१	४१९८
२	रौतहट	७०	४६७७
३	बारा	७८	७६९९
४	पर्सा	१०९	८३८५
५	चितवन	१३७	९४२४
	जम्मा	४५५	३४३८५

२ राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाअर्न्तगतको शैक्षिक वर्ष २०८१ का कक्षा १२ को वार्षिक परीक्षामा समावेश भएका विद्यार्थी सङ्ख्या विवरण

क्त सं.	जिल्ला	जम्मा विद्यालय सङ्ख्या	सङ्ख्या
१	मकवानपुर	६१	७२८९
२	रौतहट	७०	७४४८
३	बारा	७८	९८६३
४	पर्सा	१०९	८७५९
५	चितवन	१३७	१४४२४
	जम्मा	४५५	४७७८३

३. यस कार्यालयबाट २०८१ श्रावणदेखि २०८२ अषाढ मसान्तसम्म वितरण गरिएका TMPS को विवरण:

	Trancript	Migration	Provisional	Supplementary	कैफियत
सङ्ख्या	२७५०४	२७०१८	२७४०७	५६९८	

४ कार्यक्षेत्रअन्तर्गत २०८२ सालमा समावेश भएका परीक्षार्थीको जिल्लागत विवरण

क्र.सं.	जिल्ला	कक्षा १२ नियमित	कक्षा १२ ग्रेडवृद्धि	जम्मा	जिल्लाका केन्द्रहरू
१.	मकवानपुर	५२६०	२०२९	७२२९	२१
२.	रौतहट	७७६३	९९६	८७५९	३१
३.	बारा	४५५२	२८९६	७४४८	२३
४.	पर्सा	७३०८	२५५५	९८६३	२६
५.	चितवन	१०८९३	३५३१	१४४२४	५२
जम्मा		३५७७६	१२००७	४७७८३	१५३

कार्यालयबाट सम्पादन भएका अन्य कार्यहरू

- कक्षा १२ नियमित तथा ग्रेडवृद्धि परीक्षा कार्यक्षेत्रका १५३ वटा केन्द्रहरूमा सञ्चालन भएको ।
- कक्षा १२ को परीक्षा केन्द्र सिफारिस गरी परीक्षा सञ्चालन गर्ने गराउने,
- केन्द्राध्यक्षहरूलाई परीक्षा सञ्चालनसम्बन्धी अभिमुखीकरण र परीक्षा अनुगमन गरिएको ।
- उतरपुस्तिकाको वितरण गर्ने, सङ्कलन गरी र केन्द्रमा पठाइएको तथा जिल्लामा प्राप्त उत्तरपुस्तिका परीक्षण कार्य गराइएको ।
- कक्षा १२ को परीक्षा समीक्षा कार्यक्रम सञ्चालन गरीएको ।
- प्रयोगात्मक अङ्क रुजु गरीएको
- नतिजाको पुनर्योगसम्बन्धी निवेदन सङ्कलन गरी केन्द्रमा पठाइएको
- केन्द्रीयस्तरमा तय भएको नीति निर्देशन तथा कार्यक्रमलाई सरोकारवाला समक्ष सम्प्रेषण गरिएको ।
- व्यवहारिक अभ्यास (OJT) अनुगमन गरिएको ।
- प्रश्नपत्रलगायत परीक्षा सामग्रीसम्बन्धित केन्द्रमा पुऱ्याउने कार्य गरिएको ।
- २०६८ सालपछिको TMPS वितरण गर्ने र निवेदन लिने र प्रमाण पत्र वितरण गरिएको ।
- कक्षा ११/१२ सञ्चालन भएका विद्यालय/क्याम्पसहरूको विवरण अध्यावधिक गरिएको ।
- परीक्षा प्रकाशनपश्चात भए गरेका त्रुटि सच्याउन केन्द्रमा कागजातसहित पठाइने गरिएको ।

वार्षिक परीक्षा अनुगमन

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरद्वारा प्रकाशित कार्यतालिका अनुसार मिति २०८२ साल वैशाख २१ गतेदेखि जेष्ठ ०२ गतेसम्म सञ्चालन भएको कक्षा १२ को वार्षिक परीक्षामा यस कार्यालय कार्यक्षेत्रअन्तर्गत जिल्लाका १५३ वटै परीक्षा केन्द्रहरू अनुगमन गर्नका लागि कार्यालय प्रमुखसहित सबै कर्मचारीहरू खटाई परीक्षा अनुगमन गरिएको थियो ।

■ व्यवहारिक अभ्यास तालिम (OJT) को प्रबोधीकरण कार्यक्रम

१. परिचय

राष्ट्रिय परीक्षा बोर्ड, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, सानोठिमी भक्तपुरको आयोजना तथा राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौँडा मकवानपुरको व्यवस्थापनमा मिति २०८१/०९/०३ गते बुधबारका दिन शाखा कार्यालय हेटौँडाको कार्यक्षेत्रअन्तर्गतका जिल्लाहरू मकवानपुर, रौटहट, बारा, पर्सा र चितवन र राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, जनकपुरधाम, धनुषा कार्यक्षेत्र अन्तगर्तका जिल्लाहरू सिन्धुली र सर्लाहीका कक्षा (९-१२) मा प्राविधिक धार सञ्चालन गरिरहेका विद्यालयहरू मध्ये कक्षा १२ को परीक्षामा सहभागी भइसकेका विद्यालयहरूका हकमा प्राविधिक धार तर्फका संयोजक एक जना र कक्षा १२ को परीक्षामा सहभागी भई नसकेका विद्यालयहरूका हकमा प्रधानाध्यापक र प्राविधिक धार तर्फका संयोजक गरी दुई जनालाई व्यवहारिक अभ्यास तालिम (OJT) को विषयमा १(एक) दिने प्रवोधीकरण कार्यक्रममा सम्पन्न भयो ।

प्रवोधीकरण कार्यक्रमको अध्यक्षता राष्ट्रिय परीक्षा बोर्ड, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, सानोठिमी भक्तपुरका निर्देशक गोविन्दराज खनियाले गर्नुभएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि बोर्डका सदस्यसचिव श्री जङ्गबहादुर अर्याल हुनुहुन्थ्यो भने अतिथिहरूमा मधेस विश्वविद्यालयको उपकुलपति प्रा. डा. दीपकप्रसाद शाक्य, स्रोतव्यक्ति प्रा.डा. विष्णुप्रसाद भट्टराई, राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौँडा मकवानपुरका कार्यालय प्रमुख कृष्णप्रसाद घिमिरे, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय जनकपुरधाम, धनुषाका कार्यालय प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई पर्साका कार्यालय प्रमुख लगायत प्रधानाध्यापक, प्राविधिक संयोजक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । प्रवोधीकरण कार्यक्रमको सञ्चालन योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाको शाखा अधिकृत पद्मा शर्मा सापकोटाले गर्नुभएको थियो ।

२. उद्देश्यः

(क व्यवहारिक अभ्यास तालिम (OJT) को विषयमा प्रवोधीकरण गरी तोकिएको आधारअनुसार सहभागी खटाउन मार्गदर्शन गर्ने ।

(ख) व्यवहारिक अभ्यास तालिम (OJT) सञ्चालनमा आएका वा भोगिएका समस्याहरूको पहिचान गरी समाधान गर्ने ।

३. सहजीकरण विधिः

(क) स्रोतव्यक्ति दस्तावेज प्रस्तुतीकरण ।

(ख) छलफल विधि ।

४. सहभागी विवरण र छलफलका विषयहरूः

कार्यक्रममा तपसिलअनुसार सहभागी रहेका थिए ।

क्र. सं.	सहभागी पदाधिकारीको नाम	पद	संस्थाको नाम	सहभागी संख्या	मिति र समय	कार्यक्रम स्थल
१.	श्री जङ्ग बहादुर अर्याल	सदस्य-सचिव	राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुर	०१	२०८१/०९/०३ १०:०० बजे	बीरगञ्ज पब्लिक मा. वि. (BPC) बीरगंज पर्सा
२.	श्री गोविन्द राज खनिया	निर्देशक	राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुर	०१		
३.	प्रा डा श्री दीपक प्रसाद शाक्य	उपकुलपति	मधेस विश्व विद्यालय	०१		
४.	प्रा डा. श्री विष्णुप्रसाद भट्टराई	स्रोत व्यक्ति	हिमालयण कलेज एण्ड रिसर्च सेन्टर	०१		
५.	श्री कृष्णप्रसाद घिमिरे	प्रमुख	राष्ट्रिय परीक्षा बोर्ड,	०१		

			हेटौंडा			
६.	श्री मोतीप्रसाद भट्टराई	प्रमुख	शिक्षा विकास तथा समन्वय इकाइ पर्सा	०१		
७.	श्री दया राई	का. प्रमुख	राष्ट्रिय परीक्षा बोर्ड, जनकपुरधाम	०१		
८.	श्री पद्मा शर्मा सापकोटा	शाखा अधिकृत	राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुर			
९.	प्रधानाध्यापक, कर्मचारी तथा प्राविधिक संयोजक	मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन, सिन्धुली र सर्लाही		७९		

प्रवोधिकरण कार्यक्रममा सबै सहभागीहरू राष्ट्रिय गानमा सहभागी भएपछि बोर्डका सदस्यसचिव श्री जङ्ग बहादुर अर्यालबाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रमअगाडि बढाइएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौंडाका कार्यालय प्रमुख श्री कृष्णप्रसाद घिमिरेले गर्नुभएको थियो । स्वागत मन्तव्यको क्रममा प्राविधिक शिक्षाको महत्वबारे प्रकाश पार्दै उपस्थित सबैलाई व्यवस्थापक तथा आफ्नो व्यक्तिगत तर्फबाट स्वागत तथा शुभकामना व्यक्त गर्नुभएको थियो । राष्ट्रिय परीक्षा बोर्डको सदस्यसचिव श्री जङ्गबहादुर अर्याल तथा स्रोत व्यक्तिबाट आफ्नो आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अन्तमा राष्ट्रिय परीक्षा बोर्ड, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, सानोठिमी भक्तपुरका निर्देशक श्री गोविन्दराज खनिया, मधेस विश्वविधालयको उपकुलपति प्रा.डा. दीपकप्रसाद शाक्य, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख पर्साका कार्यालय प्रमुख श्री मोतीप्रसाद भट्टराइज्यूले आआफ्नो भनाइ राखी कार्यक्रम सम्पन्न गर्नुभएको थियो । कार्यक्रममा प्रस्तुतीकरणका केही बुँदाहरू यस प्रकार छन :

- व्यवहारिक अभ्यास एक अनिवार्य अंश र कार्यथलोमा आधारित सिकाइ
- ज्ञानलाई सीपमा रूपान्तरण र कामको संसारमा प्रवेश
- पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्न
- कक्षा कोठामा सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न
- काम गर्न सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्न
- श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक बनाउन
- दुविधा भएका विषयमा स्पष्ट हुन ।
- व्यावहारिक अभ्यासलाई उद्देश्यमूलक बनाउन
- मूल्याङ्कन प्रकियामा एकरूपता कायम गर्न
- समस्याहरूको पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन
- व्यावहारिक र सीपयुक्त जनशक्ति
- विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने
- स्व उद्यमशीलताको विकास वा गरी खान सक्ने
- Learn and Earn मा आधारित भएर विश्व बजारमा बेच्नु ।

समूह कार्य गर्दा सहभागीलाई चार समूहमा विभाजन गरी छलफल गरिएको थियो । सो छलफलमा आफूले पाएको शीर्षकमा छलफल गरी प्रत्येक समूहबाट एक जनाले प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका विषयहरू :-

- व्यवहारिक अभ्यासका सम्बन्धमा स्थानीय तहको भूमिका के रहेको छ र हाम्रो अपेक्षा के छ ?
- व्यवहारिक अभ्यास सञ्चालन गर्न हालका समस्या र समाधानका उपायहरू
- राष्ट्रिय परीक्षा बोर्डको व्यवहारिक अभ्यासका मूल्याङ्कन सम्बन्धमा रहेको भूमिका र अपेक्षा
- कार्यक्रमलाई प्रभावकारी बनाउन सङ्घीय र प्रदेश सरकारको भूमिका के हुनुपर्छ

सहभागीहरूले उठान गरेका गुनासा र सुझावहरू

गुनासाहरू

- व्यवहारिक अभ्यास (OJT) गर्न कार्यथलोमा पठाउँदा नयाँ सिकारूलाई लिन नमानेको अवस्था
- सम्बन्धित निकायबाट फितलो र नाम मात्रको अनुगमन हुनु ।
- विद्यालयहरूले बेझिलो र खर्चिलो ठानेका
- प्रशिक्षकहरूलाई आफ्नो जागिरको स्थायित्व र सुरक्षाको सुनिश्चिता नहुनु ।
- प्रशिक्षकहरूलाई सधारण General विषय पढाउन लगाउनु ।

सुझावहरू

- कार्यथलोमा पठाउँदा सम्बन्धित निकायबाट निर्देशनात्मक र समन्वयात्मक भूमिका हुनुपर्ने ।
- सघन अनुगमनको व्यवस्था हुनुपर्ने ।
- प्रत्येक प्राविधिक धार सञ्चालन गरेका माध्यमिक विद्यालयहरूमा प्राविधिक खर्चबारे लेखाजोखा गर्ने छुटै कर्मचारीको व्यवस्था हुनुपर्ने ।
- प्राविधिक धारका प्रशिक्षकहरूको स्थायित्व र सुरक्षा हुनुपर्ने ।
- प्राविधिक धारका प्रशिक्षकहरूलाई प्राविधिक प्रशिक्षककै व्यवहार हुनुपर्ने ।

निष्कर्ष :

- कार्यक्रम समग्ररूपमा फलदायी र उपलब्धीमूलक रहेको पाइयो ।
- कार्यक्रम अवधिमा उठेका विषयवस्तुहरूलाई सम्बोधनका लागि पहल गर्ने गराउने भनाइ उपस्थित पदाधिकारीहरूद्वारा व्यक्त गरिएको पाईयो । प्राविधिक शिक्षा आजको आवश्यक्ता तथा गरी खाने शिक्षामा व्यवहारिक अभ्यासको प्रचलित रूपरेखालाई अझ दरिलो र कसिलो बनाई हाम्रा उत्पादन विश्व बजारमा सहजै बिक्री हुने बनाउनु नै सबैको भूमिका हुनुपर्छ ।

केन्द्राध्यक्षहरूको लागि अभिमुखीकरण कार्यक्रम

१. परिचय

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरद्वारा प्रकाशित कार्यतालिकाअनुसार मिति २०८२ साल वैशाख २१ गतेदेखि जेष्ठ ०२ गतेसम्म सञ्चालनभएको कक्षा १२ को वार्षिक परीक्षा राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाको कार्यक्षेत्रअन्तर्गत पर्ने जिल्लाहरू मकवानपुर, चितवन, बारा, पर्सा र रौतहट जिल्लामा मर्यादित तरिकाले सञ्चालन भएको थियो । कार्यक्षेत्रका जिल्लाहरूमा जिल्ला परीक्षा समन्वय समितिबाट परीक्षा केन्द्र निर्धारण भएअनुसार मकवानपुरमा २१, चितवनमा ५२, बारा २३, पर्सामा २६ र रौतहटमा ३१ परीक्षा केन्द्र गरी जम्मा १५३ वटा परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूको अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । प्रत्येक जिल्लामा आयोजित कार्यक्रममा जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष एवम्म् प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समितिका पदाधिकारीहरूसहित राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाको कार्यालय प्रमुख अन्य कर्मचारीहरू तथा केन्द्राध्यक्षहरूसहितको उपस्थितिमा सम्पन्न गरियो ।

२. उद्देश्यः

(क) परीक्षाको व्यवस्थापकीय पक्ष, परीक्षा सञ्चालनको प्रक्रिया र परीक्षालाई मर्यादित, व्यवस्थित तथा स्तरीय बनाउन सहजीकरण गर्नु ।
(ख) परीक्षाको लागि आवश्यक कर्मचारी तथा विद्यालयको सम्पूर्ण पक्षको अद्यावधिक गरी केन्द्राध्यक्षलाई तयारी गराउनु ।

३. विधिः

(क) राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरबाट प्राप्त सामग्री र परीक्षा सञ्चालनसम्बन्धी प्रस्तुतिकरण ।

(ख) सामूहिक छलफल ।

४. विषयवस्तुबारे सहभागीको छलफलः

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाको कार्यक्षेत्रअन्तर्गत पर्ने जिल्लाहरू मकवानपुर, चितवन, बारा, पर्सा र रौतहटमा मिति २०८१/०१/०५ गतेदेखि २०८१/०१/०९ गतेसम्म अभिमुखीकरण कार्यक्रम सक्ने गरी तय गरीएकोमा प्राविधिक कारण मिति २०८१/०१/०६ गते चितवनमा सम्पन्न गरी अन्य जिल्लाका हकमा तपसिलको मितिमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरीएको थियो । कूल २२४ जना रहेको कार्यक्रममा सहभागी विवरण यस प्रकार रहेको थियो ।

तपसिलः

क्र. सं.	जिल्लाको नाम	जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष एंवम् संयोजकको नाम थर	सहभागी संख्या	मिति र समय	कार्यक्रम स्थल
१.	चितवन	श्री प्रकाश पौडेल(प्र. जि. अ.) श्री लक्ष्मण देवकोटा (शि.वि. तथा स.ई.)	१०+३२ = ४२	२०८२/०१/०६ ३:०० बजे	शि.वि. तथा स. इ को सभाहल
२.	पर्सा	श्री गणेश अर्याल (प्र. जि. अ.) श्री हरि राउत (शि.वि. तथा स.ई.)	७+३९ = ४६	२०८२/०१/१८ ३:०० बजे	जि. प्र. का. सभाहल
३.	मकवानपुर	श्री स्किम श्रेष्ठ (प्र. जि. अ.) श्री सुदिप गिरी (शि.वि. तथा स. ई.)	९+३१ =४०	२०८२/०१/१९ ८:०० बजे	जि. प्र. का. सभाहल
४.	बारा	श्री वसन्त अधिकारी (प्र. जि.अ.) श्री निम प्रकाश सिंह राठौर (शि.वि.तथा स.ई)	९+३५ =४४	२०८२/०१/१९ १२:३० बजे	जि. प्र. का. सभाहल
५.	रौतहट	श्री विनोदकुमार खड्का (प्र. जि. अ.) श्री वीरेन्द्रजङ्ग थापा (शि.वि. तथा स. ई.)	९+४३ = ५२	२०८२/०१/१९ ४:३० बजे	जि. प्र. का. सभाहल

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरद्वारा निर्धारित कार्यतालिकाबमोजिम सञ्चालन भएको कक्षा १२ को वार्षिक परीक्षाको लागि केन्द्राध्यक्षहरूले पालना गर्नुपर्ने ५७ बुँदे नियम तथा परीक्षा अघि, सञ्चालन समयमा र परीक्षापश्चात गर्नुपर्ने काम, कर्तव्य र अधिकारबारे बृहतरूपमा प्रस्तुतीकरण भयो । प्रस्तुतीकरणका केही बुँदाहरू यस प्रकार रहेका छनः

- केन्द्राध्यक्षहरूलाई बोर्डबाट छापिएका हाते सामग्री उपलब्ध गराई छलफलको माध्यमबाट व्यवस्थापकीय पक्ष तथा परीक्षालाई कसरी सञ्चालन गर्दा मर्यादित, व्यवस्थित र अनुशासित गराउन सकिन्छ भन्ने बारे जानकारी गराइएको थियो । यसैगरी परीक्षाको कार्य व्यवस्था तथा अभिभारासम्बन्धी नीति निर्देशनबारे छलफल भयो ।
- परीक्षा केन्द्रभित्रको परीक्षा व्यवस्थापनसम्बन्धी सम्पूर्ण जवाफदेही केन्द्राध्यक्षको हुने छ ।
- परीक्षा सुरु हुनुभन्दा ३० मिनेटअगाडि परीक्षा हुने कोठाहरू खोल्न लगाउने व्यवस्था गर्नु/गराउनु पर्ने छ ।
- परीक्षा सुरु भएको १५ मिनेटपछि परीक्षा केन्द्रमा आउने परीक्षार्थीहरूलाई प्रवेश नदिने ।
- परीक्षार्थी परीक्षा भवनमा प्रवेश गर्नुअगाडि सुराक्षाकर्मीको रोहवरमा खानतलासी/चेकजाँच गर्ने व्यवस्था गर्नुपर्ने छ । स्थानीय प्रशासनको सहयोग प्राप्त गरी शान्ति सुरक्षाको आवश्यक व्यवस्था मिलाउनु पर्ने छ । परीक्षा केन्द्रमा शान्ति सुरक्षाको व्यवस्था मिलाइ मर्यादित रूपमा परीक्षा सञ्चालन गर्नुपर्ने जिम्मेवारी केन्द्राध्यक्षको हुने छ ।
- परीक्षा सञ्चालनको सन्दर्भमा स्थानीय तहसँग समन्वय गरी आवश्यक सहयोग लिनुपर्ने छ ।
- क्रियापुत्री परीक्षार्थीको हकमा सम्बन्धित विद्यालय र पालिकाको सिफारिसमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयको स्वीकृत लिएर क्रियाापुत्री बसेको नजिकको परीक्षा केन्द्रबाट परीक्षा दिन पाउने व्यवस्था मिलाउनु पर्ने छ ।
- परीक्षा सुरुभएको एक घण्टा पूरा नभएसम्म कुनै पनि परीक्षार्थीलाई परीक्षा भवनबाट बाहिर जान नदिने व्यवस्था गर्नु/गराउनु पर्ने छ ।
- प्रश्नपत्र परीक्षा केन्द्रमा पुगेपछि परीक्षा समाप्त नभएसम्म केन्द्राध्यक्ष बाहेक कसैले पनि मोबाइल फोन परीक्षा केन्द्रभित्र प्रयोग गर्न नपाउने व्यवस्था गर्नु/गराउनु पर्ने छ । साथै परीक्षार्थीहरूलाई समेत परीक्षा केन्द्रमा मोबाइल फोन र स्मार्ट घडीलगायतका ईलेक्ट्रोनिक्स सामानहरू लैजान पूर्णतः निषेध गर्नुपर्ने छ ।
- प्रश्नपत्र विद्यालयको सिस्टमबाट प्राप्त हुने र (OTP) कोड मोबाइलमा आउने हुनाले परीक्षा सञ्चालन अवधिभर मोबाइल स्वीच अफ नगर्ने साथै (sms) हेरी रहनुपर्ने र Email/Internet Update गरिरहनुपर्ने छ ।
- परीक्षा केन्द्रमा विद्युतको बैकल्पिक व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने छ साथै कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिनको व्यवस्था मिलाउनुपर्ने छ ।
- नयाँ पाठ्यक्रम अर्न्तगत जीव विज्ञान (Biology) विषयको परीक्षामा Zoology र Botany को लागि अलग अलग उत्तरपुस्तिका दिई छुट्टाछुट्टै हाजिरी गराउनु पर्ने छ साथै उत्तरपुस्तिका छुट्टाछुट्टै प्याकिङ्गको व्यवस्था मिलाउनु पर्ने छ ।
- परीक्षालाई मर्यादित बनाउन र केन्द्रमा कुनै अवान्छित गतिविधि हुन नदिन सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारीहरूले आश्वस्त पार्नु भई आवश्यक निर्देशन दिने कार्य गर्नुभयो ।

- सहायक केन्द्राध्यक्ष र निरीक्षकको नियुक्ति दिँदा अनिवार्य रूपमा कार्यरत विद्यालय र तह खुलाएर दिनु पर्ने छ । नियुक्ति पत्रको बोधार्थप्रति परीक्षा नियन्त्रण कार्यालय/जिल्लास्थित कार्यालयमा अनिवार्य रूपमा पठाउने व्यवस्था गर्नुपर्ने छ । सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य परीक्षामा खटिने कर्मचारीहरूलाई परिचयपत्रको व्यवस्था मिलाउनु पर्ने छ । परीक्षा सञ्चालन अवधिभर अनिवार्य रूपमा देखिने गरी परिचयपत्र प्रयोग गर्न लगाउनु पर्ने छ ।

५. अभिमुखीकरण कार्यक्रममा प्राप्त राय तथा सुझाव :

वोर्ड पदाधिकारी तथा परीक्षा समितिको प्रस्तुतिपश्चात सहभागी विभिन्न केन्द्राध्यक्षहरूले बुँदागतरूपमा आफ्ना भनाइहरू यस प्रकार राख्नुभएको थियो :

- केन्द्र राख्दा विद्यालयको भौतिक पूर्वाधार हेरी परीक्षा केन्द्र राख्नुपर्ने र परीक्षार्थी सङ्ख्या यकिन गरी केन्द्र राख्नुपर्ने ।
- प्रश्नपत्रको विधुतीयप्रति पठाउनुभन्दा हार्डकपि नै पठाउदा राम्रो हुने ।
- समयसापेक्ष मसलन्द खर्च अपुग भएकोले बढाउनुपर्ने ।
- परीक्षालाई मर्यादित अनुशासित र भयरहित शान्त वतावरणमा सञ्चालन परीक्षार्थी र निरीक्षकहरूको मोबाइल फोन पूर्णरूपमा प्रतिबन्ध लगाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

निष्कर्ष :

- परीक्षालाई मर्यादित, व्यवस्थित र अनुशासित गराउन सबैको नैतिक जिम्मेवारी रहने ।
- प्राकृतिकरूपमा आईपर्ने आकस्मिक कठिनाइलाई पार लगाउन सबैको हातेमालो गरी परीक्षा सम्पन्न गर्नु हामी सबैको उत्तरदायित्व हो ।

अभिमुखीकरणले १५३ वटै केन्द्राध्यक्षज्यूहरूलाई परीक्षा शान्त, मर्यादित र र भयरहित वतावरणमा अनुशासित तरिकाले सञ्चालन गर्न मार्गदर्शन गरी उच्च मनोबलका साथ जिम्मेवारी वहन गर्न दिशानिर्देश गरेको थियो ।

उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण अभिमुखीकरण कार्यक्रम

१. परिचय

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरद्वारा मिति २०८२ साल वैशाख २१ गतेदेखि जेष्ठ २ गतेसम्म सञ्चालनभएको कक्षा १२ को वार्षिक परीक्षापश्चात राष्ट्रिय परीक्षा बोर्डबाट तोकिएको जिल्लाका प्राप्त भएका उत्तरपुस्तिका परीक्षण गर्न गराउन शाखा कार्यालय हेटौँडाद्वारा श्री चन्द्रोदय मा.वि. हेटौँडा ८ कमाने परीक्षण केन्द्रमा एक दिने उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षणसम्बन्धी अभिमुखीकरण कार्यक्रम विभिन्न पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सहभागितामा मिति २०८२ जेठ २७ गते सम्पन्न गरिएको थियो । कार्यक्रमको अध्यक्षता राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौँडा मकवानपुरका कार्यालय प्रमुख श्री बद्रीबहादुर पाठकले गर्नुभएको थियो भने आतिथ्यता राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन काठमाडौँ, बागमती प्रदेश कार्यालय प्रमुख श्री जयन्ती सत्याल, प्रदेश प्राविधिक शिक्षा तथा तालिम परिषदका कार्यालय प्रमुख, श्री चन्द्रोदय मावि हेटौँडाका प्रधानाध्यापक र परीक्षणका लागि सहभागी विषय शिक्षकहरूको सहभागिता रहेको थियो ।

२. उद्देश्यः

(क) उत्तरपुस्तिका परीक्षण व्यवस्थित, अनुशासित र त्रुटीरहित तरिकाले सम्पन्न गराउनु ।
(ख) marginal बारे सुसुचित भई परीक्षणमा अन्तर कम गर्नुका साथै पालना गर्नुपर्ने निर्देशनबारे जानकारी गराउनु ।

३. विधिः

(क) राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरबाट प्राप्त गोष्ठी दस्तावेज प्रस्तुतीकरण ।

(ख) छलफल तथा अन्तरक्रिया ।

४. विषयवस्तुको प्रस्तुति तथा सहभागी छलफलः

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाको कार्यक्षेत्रअन्तर्गत पर्ने जिल्ला मकवानपुरको चन्द्रोदय माध्यमिक विद्यालय केन्द्रमा मिति २०८२/०२/२७ गते विभिन्न पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सहभागितामा कार्यक्रम अभिमुखीकरण सञ्चालन गरियो ।

सहभागी सङ्ख्या यस प्रकार रहेको छ ।

तपसिलः

क्र. सं	जिल्लाको नाम	परीक्षण केन्द्रको नाम	सहभागी संख्या	मिति र समय	कार्यक्रम स्थल
१.	मकवानपुर	चन्द्रोदय माध्यमिक विद्यालय	१२१ जना	२०८२/०२/२७ २:०० बजे	चन्द्रोदय माध्यमिक विद्यालय सभाहल

अभिमुखीकरणमा राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन काठमाडौँ, बागमती प्रदेशका कार्यालय प्रमुख श्री जयन्ती सत्याल, तथा कार्यालय प्रमुख श्री बद्रीबहादुर पाठकले राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरद्वारा सञ्चालन भएको कक्षा १२ को वार्षिक परीक्षाको उत्तरपुस्तिका परीक्षणका लागि परीक्षकहरूले पालना गर्नुपर्ने नियम र परीक्षकको काम, कर्तव्य, अधिकार र कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणका केही बुँदाहरू यस प्रकार छनः

१. परीक्षण केन्द्रबाट उत्तरपुस्तिकाको प्याकेट प्राप्त गरी नियुक्तिमा लेखिएको सङ्ख्या र प्याकेटमा भएको सङ्ख्या मेल खाए नखाएको एकिन गर्ने ।

२. परीक्षण गर्नुपूर्व उत्तरकुञ्जिका प्राप्त गर्ने र सो अध्ययन गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने । उत्तरकुञ्जिकामा कुनै द्विविधा भएमा तत्कालै परीक्षण केन्द्रमा खटिएका कर्मचारीलाई जानकारी गराउने ।

३. उत्तरपुस्तिकाको प्याकेटभित्र मार्कस्लिप भए/नभएको, प्याकेट कन्टेन्टअनुसारका उत्तरपुस्तिका सङ्ख्या भए/नभएको रुजु गर्ने र फरक परेमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई प्राप्त निर्देशानुसार गर्ने ।

४. उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा मोबाइलको प्रयोग नगर्ने, अनिवार्य रूपमा Swith off वा silence मा राख्ने ।

५. उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षार्थीले दिएको उत्तरलाई अनिवार्य रूपमा पढेर मात्र प्राप्ताङ्क दिने । अक्षर केरमेट नहुने गरी सही उत्तरमा √ र गलत उत्तरमा X चिन्ह लगाउने ।

६. आफूले अध्यापन गरेको विषयको मात्र उत्तरपुस्तिका परीक्षण गर्ने । परीक्षण गर्दा रातो मसी र मार्कस्लिपमा अङ्क चढाउँदा कालो मसीको प्रयोग गर्ने ।

७. मार्कस्लिपमा प्राप्ताङ्क चढाउनुअगाडि अनुपस्थित सिम्बोल नम्बर रुजु गरी अनुपस्थित सिम्बोल नम्बरको प्राप्ताङ्कमा A जनाउने र हरेक पानामा उपस्थित सङ्ख्यासमेत लेखी उत्तरपुस्तिका र मार्कस्लिपमा रहेको परीक्षकको हस्ताक्षर गर्ने स्थानमा हस्ताक्षर गर्ने ।

८. प्रश्नगत प्राप्ताङ्क उत्तरपुस्तिकाको अगाडिको पानामा चढाउँदा जोड जम्मामा त्रुटी हुनसक्ने हुँदा ध्यानपूर्वक दोऱ्याई जोड जम्मा गर्ने ।

९. उत्तरपुस्तिकाबाट मार्कस्लिपमा प्राप्ताङ्क चढाउँदा उत्तरपुस्तिकामा रहेको प्राप्ताङ्क फरक नपर्ने गरी चढाउने तथा प्राप्ताङ्क चढाउँदा अङ्क र अक्षरमा फरक नपर्ने गरी मात्र चढाउने ।

१०. प्राप्ताङ्क चढाउँदा अङ्ग्रेजी अङ्क र अक्षरमा स्पष्ट र ठूलो अक्षरमा बुझिने गरी चढाउने ।

११. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखेको प्रश्नको उत्तर राम्ररी नपढी हतारमा उत्तरपुस्तिका परीक्षण गर्दा अप्रसाङ्गिक उत्तर लेखेकोलाई पनि औसत अङ्क प्रदान गर्ने सम्भावना रहने एवम् त्यसबाट उत्कृष्ट विद्यार्थी मर्कामा पर्ने र कमजोर विद्यार्थीलाई फाइदा पुग्ने हुँदा प्रश्नअनुसारको उत्तर राम्ररी पढी लेखिएको उत्तरअनुसार अङ्क प्रदान गर्नुपर्ने ।

१२. सम्पूर्ण प्राप्ताङ्कको योगफल गरी सकेपछि दशमलवमा आयो भने त्यसलाई पूर्ण अङ्क दिने । जस्तै १५.५ आयो भने १६ बनाउने ।

१३. उत्तरपुस्तिकाको भित्री पानाहरूमा प्रश्नगत प्राप्ताङ्क प्रदान गर्दा दायाँ वा बायाँ किनारामा मात्र लेख्ने, बिच भागमा अङ्क नदिने ।

१४. उत्तरपुस्तिका अनिवार्य रूपमा क्रमबद्ध (Serially) राख्नुपर्ने एवम् सोही क्रम (Ascending Order) मा नै मार्कस्लिपमा सिम्बोल नम्बरबमोजिम अङ्क चढाउनुपर्ने छ । अन्यथा सम्परीक्षण गर्ने क्रममा क्रमबद्ध नभएमा परीक्षक स्वयम् उपस्थित भई क्रम मिलाउनुपर्ने छ ।

१५. उत्तरपुस्तिका परीक्षण र अङ्क प्रविष्टी गरेपश्चात् मार्कस्लिप सम्बन्धित खाममा राख्ने र उक्त खामको बाहिर कूल विद्यार्थी सङ्ख्या र अनुपस्थित सङ्ख्या उल्लेख गर्ने

१६. परीक्षार्थीले पुनर्योगको नतिजापश्चात् पनि प्राप्ताङ्कमा चित्त नबुझाएमा सम्मानित सर्वोच्च अदालतको आदेश तथा सूचनाको हकअन्तर्गत उत्तरपुस्तिका हेर्न पाउने अधिकार रहेकाले उत्तरपुस्तिका परीक्षणमा त्रुटी भएमा त्यसको पूर्ण जिम्मेवारी परीक्षक स्वयम्ले लिनुपर्ने र सो उत्तरपुस्तिका पुनः परीक्षणसमेत गर्न पाउने प्रावधान भएकोले सम्परीक्षण वा पुनः परीक्षण गर्दा १०% भन्दा बढी Variation आएमा त्यस्ता परीक्षकलाई कालोसूची (Black List) मा राखिने तथा पारिश्रमिकसमेत नदिने व्यवस्था रहेको हुँदा सचेत भई जिम्मेवारीपूर्वक परीक्षण गर्नुपर्ने । गत वर्ष उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने केही परीक्षकहरूलाई सचेत गराइएको छ ।

निष्कर्ष :

परीक्षणलाई मर्यादित, व्यवस्थित र त्रुटिसहित गराउनु हामी सबैको नैतिक जिम्मेवारी हुने छ । यस अभिमुखीकरणले परीक्षण कार्य शान्त, मर्यादित र र भयरहित वतावरणमा अनुशासित तरिकाले सञ्चालन गर्नको साथै परीक्षणमा हुने अन्तरलाई कम गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

कक्षा १२ वार्षिक परीक्षा समीक्षा कार्यशाला

१. परिचयः

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरको वार्षिक कार्यतालिका बमोजिम मिति २०८२ साल वैशाख २१ गतेदेखि जेठ २ गतेसम्म सञ्चालन भएको कक्षा १२ को वार्षिक परीक्षापश्चात् परीक्षाको समीक्षा कार्यक्रम राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडा कार्यालयद्वारा मिति २०८२/०३/२२ गते आईतबार सम्पन्न भयो । कार्यक्रममा मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला परीक्षा समन्वय समितिका सदस्यहरू, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख, शिक्षा विकास निर्देशनालय बागमती प्रदेशका महानिर्देशक, पाँचै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुखहरू, कार्यालयको कार्यक्षेत्रअन्तर्गत मकवानपुर, रौतहट, बारा, पर्सा र चितवनका जम्मा १५३ केन्द्रहरूमध्ये मकवानपुरका २१, रौतहटका २, बाराका २, पर्साका २ र चितवनका ३ केन्द्र गरी जम्मा ३० जना केन्द्राध्यक्षहरू तथा शाखा कार्यालयका कर्मचारीहरूका प्रत्यक्ष उपस्तिथिमा परीक्षा समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको अध्यक्षता मकवानपुरका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष श्री स्किम श्रेष्ठले गर्नुभएको थियो भने प्रमुख अतिथिको आसन ग्रहण जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख श्री ललित घलानले गर्नुभएको थियो ।

२. समीक्षा कार्यक्रमको उद्देश्यः

(क) कक्षा १२ वार्षिक परीक्षा सञ्चालनको अवस्था सम्बन्धमा केन्द्राध्यक्षहरूको अनुभव आदानप्रदान गर्ने ।
(ख) परीक्षा सञ्चालन र अनुगमनका क्रममा देखिएका समस्याा पहिचान गर्ने ।
(ग) परीक्षा सञ्चालनका क्रममा आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव प्राप्त गर्ने ।

३. समीक्षा कार्यक्रमको विधिः

(क) प्रत्यक्ष प्रस्तुतीकरण ।
(ख) सहभागी छलफल ।

४. समीक्षा कार्यक्रमको रूपरेखाबारे छलफल र उपलब्धी

समीक्षा कार्यक्रममा कार्यालयको कार्यक्षेत्रअन्तर्गत मकवानपुर, रौतहट, बारा, पर्सा र चितवनका जम्मा १५३ केन्द्रहरूमध्ये जम्मा ३० जना केन्द्राध्यक्षहरू तथा परीक्षा समितिका पदाधिकारीहरू र कर्मचारीहरू गरी ५० जनाको उपस्थिति थियो । प्रत्येक जिल्लाबाट परीक्षा सञ्चालनको अवस्था, गरीएका प्रयासहरू,परीक्षाको अनुगमन र परीक्षा सञ्चालनमा परेका कठिनाइ तथा सुझावहरूबारे प्रस्तुतीकरण भएको थियो । कार्यक्रममा सहभागीहरूको विवरण निम्न रहेको छ

तपसिलः

क्र.सं.	सहभागी पदाधिकारीको नाम	पद	संस्थाको नाम	सहभागी संख्या	मिति र समय	कार्यक्रम स्थल
१.	श्री स्किम श्रेष्ठ	प्र. जि.अ.	जि.प्र.का. मकवानपुर	०१	२०८२/०३/२२ ११:०० बजे	जि.प्र.का. मकवानपुरको सभाहल
२.	श्री ललित घलान	प्रमुख	जि. स. स. मकवानपुर	०१		
३.	श्री खुवीराम अधिकारी	महानिर्देशक	शि.वि.नि. बागमती प्रदेश	०१		
४.	श्री राजेन्द्र प्रसाद कंडेल	स. प्र. जि.अ.	जि.प्र.का. मकवानपुर	०१		
५.	श्री शान्ति वि.क.	जि. स. अ.	जि. स. स. मकवानपुर	०१		
६.	श्री विश्वराज खडका	ने. प्र. उपरीक्षक	जि.प्र.का. मकवानपुर			
७.	श्री विष्णु दत्त अवस्थी	स. प्र. ना.उपरीक्षक	स. प्र. बल, मकवानपुर	०१		
८.	श्री हेमन्त चौधरी	प्र.अ. उप -निर्देशक	रा. अ.जि. का. मकवानपुर	०१		
९.	श्री सुदिप गिरी	का. प्र.	शि.वि. तथा	०१		

			स.इ., मकवानपुर			
१.	श्री उपेन्द्र सिंह	का. प्र.	शि.वि. तथा स.इ., रौतहट	०१		
१.	श्री उपेन्द्र चौधरी	प्र.स.	शि.वि. तथा स.इ., बारा	०१		
१.	श्री हरि राउत	का. प्र.	शि.वि. तथा स.इ., पर्सा	०१		
१३.	श्री लक्ष्मण देवकोटा	का. प्र.	शि.वि. तथा स.इ,. चितवन	०१		
१४	श्री बद्रीबहादुर पाठक	का. प्र.	रा.प. बोर्ड, मकवानपुर	०१		
१५	श्री कृष्ण प्रसाद घिमिरे	पूर्व का. प्र.	रा.प. बोर्ड, मकवानपुर	०१		
१६	पाँचै जिल्लाका प्र.अ./ केन्द्राध्यक्षहरू			३०		
१७	कर्मचारीहरू			०८		

समीक्षा कार्यक्रमको सुरुवात राष्ट्रिय गानबाट भएको र स्वागत मन्तव्य तथा कार्यक्रम सम्बन्धमा तपसिलका बुँदाहरूबारे बृहतरूपमा प्रकाश पार्ने कार्य राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौँडा, मकवानपुरको कार्यालय प्रमुख श्री बद्रीबहादुर पाठकले गर्नुभएको थियो ।

- समीक्षा कार्यक्रमको उद्देश्यः
- परीक्षा सञ्चालनका लागि गरिएका प्रयासहरू
- परीक्षासम्बन्धी देखिएका पक्षहरू
- परीक्षासम्बन्धी गर्नुपर्ने सुधारका पक्षहरू

जिल्लागत प्रस्तुतिका केही बुँदाहरू

जिल्लाबाट शिक्षा विकास तथा समन्वय इकाई प्रमुख तथा केन्द्राध्यक्षहरूले आआफ्नो जिल्लाका परीक्षाबारे निम्नानुसार भनाइ राख्नुभएको थियो ।

सबल पक्षहरू

- परीक्षा समग्रमा अनुशासित, मर्यादित, शान्तिपूर्ण रूपमा सञ्चालन भएको
- जिल्ला परीक्षा समन्वय समितिका सदस्यहरूको टोली बनाई परीक्षा अनुगमन गरिएको
- परीक्षासम्बन्धी सामग्री समयमै केन्द्रहरूमा पुगेको
- पर्सा जिल्लामा हेल्प डेस्कको व्यवस्था गरिएको
- बोर्डले तोकेको मापदण्ड पूरा गरी परीक्षा सञ्चालन गरिएको
- उत्तरपुस्तिकाको गुणस्तर राम्रो रहेको
- प्रश्नपत्र केन्द्राध्यक्षको मोबाइलमा प्राप्त भएको ओ. टि.पी. राखी डाउनलोड गर्नुपर्ने भएकोले गोपनीयता र पूर्ण जवाफदेहिताको महसुस भएको ।

सुधार गर्नुपर्ने पक्षहरू

- प्रश्नपत्र डाउनलोड गरी प्रिन्ट गर्न समय बढी लाग्ने हुँदा प्रश्नपत्र कम्तीमा १ एक घण्टाअगाडि उपलब्ध गराउनुपर्ने
- भौतिक पूर्वाधार सम्पन्न विद्यालयमा मात्र परीक्षा केन्द्र राख्नुपर्ने तथा स्थानीय तहलाई फोटोकपी मेसिन, जेनेरेटर जस्ता वैकल्पिक व्यवस्थाको लागि बोर्डबाट पहल हुनुपर्ने
- उत्तरपुस्तिका पठाउँदा सकेसम्म परीक्षा केन्द्रलाई पायक पर्ने ठाँउसम्म पठाउने व्यवस्था हुनुपर्ने

- प्राविधिक तालिमको व्यवस्था हुनुपर्ने
- परीक्षाको मर्यादा र सहयोगका लागि स्थानीय तहको संलग्नता बढाउनुपर्ने
- परीक्षा सञ्चालन खर्चको मापदण्ड समय सापेक्ष बनाउनुपर्ने ।

कार्यक्रममा शिक्षा विकास निर्देनालय बागमती प्रदेशका महानिर्देशक श्री खुवीराम अधिकारीले परीक्षा समयमा एकरूपता तथा केन्द्र निर्धारणमा पुन नक्साङ्कन हुनुपर्ने भनाइ राख्नुभयो । यसै गरी प्रमुख जिल्ला अधिकारी तथा जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष श्री स्किम श्रेष्ठले सही समयमा सही काम गनुपर्ने र आगामी दिनमा परीक्षा अवधिभरिमा देखिका त्रुटिहरूलाई सुधार गर्दै केन्द्राध्यक्षहरूले उठान गरेका सुझावहरूलाई आफ्नो तर्फबाट सम्बन्धित निकायसम्म पुऱ्याउने प्रतिवद्धता राख्दै परीक्षा सञ्चालनको लागि सबै केन्द्राध्यक्षहरूलाई धन्यवाद व्यक्त गरी कार्यक्रमको समापन गर्नुभएको थियो ।

निष्कर्ष :

कार्यक्रम समग्ररूपमा फलदायी र उपलब्धीमूलक रहेको पाइयो कार्यक्रम अवधिमा उठेका विषयवस्तुहरूलाई सम्बोधनका लागि पहल गर्ने गराउने भनाइ उपस्थित पदाधिकारीहरूद्वारा व्यक्त गरिएको साथै परीक्षा समीक्षा कार्यक्रमले दिशानिर्देश गरेका बुँदाहरूलाई पालना गरी अगामी दिनका परीक्षा अझ व्यवस्थित र प्रभावकारी तरिकाले सञ्चालन गर्ने दिशानिर्देश गरेको थियो ।

परीक्षा समीक्षा कार्यशाला २०८२ को केही झलकहरू









हाम्रो शिक्षा प्रणाली र गुणस्तरीयताको सबाल

✍ प्रा.डा.चन्द्रमणि पौडेल
पूर्व अध्यक्ष राष्ट्रिय परीक्षा वोर्ड

शिक्षा मानव समाजको एक अभिन्न अङ्ग हो । शिक्षाविना मानव समाजको विकास सम्भव थिएन र छैन पनि । मानवको लागि जीवनोपयोगी ज्ञान, सीप र आचरण निर्माण गर्ने साधन हो शिक्षा । यसै कारण हरेक व्यक्तिले शिक्षा आर्जन गर्न जरुरी छ । शिक्षा आर्जन गर्ने अनेक तरिकाहरू हुन सक्छन् । अहिलेको युगमा शिक्षा आर्जन गर्ने औपचारिक विधि बढी लोकप्रिय र व्यापकभएको छ । यसको मतलव अनौपचारिक विधिहरू आवश्यक वा उपयोगी छैनन् भन्ने हैन । औपचारिक विधि चरणवद्ध र बढी सन्तुलित हुन्छ । मान्छेको जन्मदेखि नै उसको सिक्ने प्रक्रिया पनि सुरु हुन्छ । कतिपय सिकाइहरू प्राकृतिक हुन्छन् । जीवनको विकास सँगसँगै व्यक्तिलाई अनेक विषयमा थप ज्ञान र सीपको आवश्यकता पर्दै जान्छ । ज्ञान र सीपको प्रयोगले मान्छेको व्यवहारमा परिवर्तन गराउँछ । यहीं नै शिक्षाको उपलब्धि हो तर आज हाम्रो समाजमा शिक्षाको व्यवहारिक उपलब्धिको सट्टा कागजी उपलब्धिले महत्त्व पाएको देखिन्छ । औपचारिक शिक्षामा हरेक चरणको सिकाइपछि उपलब्धिको मापन गर्ने गरिन्छ । यो मापन गर्ने विधिलाई हामी मूल्याङ्कन भन्दछौं । शिक्षा आर्जन गर्ने व्यक्तिलाई शिक्षार्थी वा विद्यार्थी र त्यसको उपलब्धि मूल्याङ्कनलाई विद्यार्थी मूल्याङ्कन भनिन्छ ।

आजभोलि हाम्रो विद्यालय शिक्षामा विद्यार्थीहरूले प्राप्त गरेको परीक्षाको नतिजालाई हेरेर शिक्षाको गुणस्तरको चर्चा र उपलब्धिको चर्चा गरेको धेरै सुनिन्छ, । राम्रो अङ्क (ग्रेड) प्राप्त विद्यार्थी गुणस्तरीय शिक्षा प्राप्त र कम अङ्क (ग्रेड) पाउने विद्यार्थी कमसल शिक्षा प्राप्त भनिने गरेको सुनिन्छ । यसरी नै विद्यालयको पनि वर्गीकरण गरेको सुन्न पाइन्छ । हाम्रो समाजमा निजी विद्यालयहरूले तुलनात्मक रूपमा राम्रो ग्रेडमा विद्यार्थीहरू उत्तीर्ण गराउन सफल भएका देखिन्छन् भने धेरै सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूको तल्लो ग्रेड आएको देखिन्छ । राष्ट्रिय परीक्षा बोर्डले लिने गरेका परीक्षाहरूमा यही स्वरूप देखिएको छ । यसकै आधारले अभिभावकहरू गुणस्तरीय शिक्षा प्राप्तिका लागि भनी आफ्ना सन्तानलाई निजी विद्यालयमा महङ्गो शुल्क तिरेर पढाउन आकर्षित भएका छन् । के निजी विद्यालयको शिक्षा साँच्चै गुणस्तरीय र सार्वजनिक विद्यालयको शिक्षा कमसल गुणस्तरको हो त ? गुणस्तरीय शिक्षाका मुख्य अवयवहरू के के हुन ? हाम्रो शिक्षामा तिनीहरूको अवस्था कस्तो छ हेरौं ।

गुणस्तरीय शिक्षाका मुख्य अवयवहरू (Key Components of Quality Education)

१ .सान्दर्भिक पाठ्यक्रम (Relevant Curriculum)

विद्यार्थीको आवश्यकता, वास्तविक जीवनसँगको सम्बन्ध र सांस्कृतिक आवद्धता जस्ता विषयसँग जोडिएर पाठ्यक्रम निर्माण हुनु जरुरी हुन्छ । यसले विद्यार्थीमा विश्लेषणात्मक क्षमता विकास, रचनात्मकता, समस्याको समाधान गर्ने क्षमतासँगसँगै तत्कालीन समयको प्रविधिको ज्ञान र प्रयोगको सीप दिलाउन सक्नु पर्दछ । विद्यार्थीमा जीवनोपयोगी सीपहरूको विकास, नागरीक एवम् वैश्विक चेतनाको विकास गराउन सक्ने हुनु पर्दछ । के हाम्रो विद्यालय र विश्वविद्यालयका पाठ्यक्रमहरूमा यी गुणहरू छन त ? छैनन् वा कमजोर छन् भने हाम्रो शिक्षाको मुख्य आधार नै कमजोर छ । नेपालका निजी वा सार्वजनिक सबै विद्यालयहरूको पाठ्यक्रम एउटै छ र त्यो नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिम हुन्छ । यदि यो पाठ्यक्रम, युगअनुसारको छैन भने जस्तो सुकै नतिजाले पनि शिक्षाको गुणस्तर प्रमाणित गर्दैन ।

२. योग्य र अभिप्रेरित शिक्षक (Qualified and Motivated Teachers)

गुणस्तरीय शिक्षाका लागि अर्को महत्त्वपूर्ण आधार योग्य शिक्षक हो । विषयगत योग्य शिक्षकको अभावमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिँदैन । यसले विद्यार्थीको सिकाइ उपलब्धिमा ठूलो ह्रास ल्याउँछ । नेपाल सरकारले गुणस्तरीय शिक्षक विकास गर्ने कुनै योजना बनाएकै छैन । गुणस्तरीय शिक्षक उत्पादनको कार्य नगरी शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने विधि सही होइन । रोजगारीका लागि शिक्षक बन्ने कार्यले शिक्षामा गुणस्तर ल्याउँदैन । शिक्षकभित्रदेखि नै अभिप्रेरित भएर शिक्षण पेशामा लाग्नु पर्दछ । तर यहाँ त्यस्तो अवस्था छैन । शिक्षण पेसालाई अन्य रोजगारीभन्दा तल्लो स्तरको मान्ने सरकारी सोचकै कारण सामाजिक प्रतिष्ठाबाटसमेत शिक्षकहरू वञ्चित भएका छन् । अरू सबै पेसाभन्दा शिक्षक उच्च रसम्मानित हुने समाजमा

मात्र शिक्षक अभिप्ररित हुने वातावरण बन्दछ । यहाँ ठीक उल्टो देखिन्छ । शिक्षकको पेशागत स्थायित्व, सेवा सुविधा, सामाजिक मानप्रठिष्ठा, वृत्ति विकासका अवसरहरू र निष्पक्ष कार्यसम्पादन मूल्याङ्कन विधिको विकास नगरी शिक्षामा अब्वल व्यक्तिलाई आकर्षित गर्न सकिन्न । जो आकर्षित भएका छन् उनीहरूलाई अभिप्रेरित गर्न पनि सकिन्न । यस आधारबाट मूल्याङ्कन गर्दा नेपालको शिक्षा कमजोर गुणस्तरको भएको साबित हुन्छ । यस्तै शिक्षकहरूमा पनि उन्नत शिक्षण विधिको ज्ञान, धैर्यता, शालीन व्यक्तित्व र विद्यार्थी केन्द्रित व्यवहार हुनुपर्दछ । सबै विद्यार्थीप्रति सकारात्मक हुन जरुरी छ । विद्यार्थीहरूलाई ज्ञान, सीप सिकाउँदै व्यवहार बदल्ने लक्ष्य राख्ने शिक्षकहरूमध्ये कतिपय त राजनैतिक पार्टीका कार्यकर्ता भाषणवाज, कामचोर, उत्तेजित एवम् असन्तुलित व्यवहार गर्ने प्रवृत्तिका पनि देखिन्छन् । यस्ता व्यक्ति शिक्षकमा भर्ती हुनुमा शिक्षक विकास गर्ने राज्यको योजनाविहिनता नै प्रमुख कारण बनेको देखिन्छ । शिक्षण पेसा अन्य जागिर जस्तै एक जागिर हो भन्ने बुझाइले पनि यस्ता व्यक्तिहरूले शिक्षण पेशामा प्रवेश पाएका हुन् ।

३. सुरक्षित एवम् समावेशी पठनपाठनको वातावरण (Safe and Inclusive Environment)

गुणस्तरीय शिक्षाका लागि सुरक्षित एवम् समावेशी शैक्षिक वातावरण जरुरी छ । जबसम्म हरेक विद्यार्थीले कक्षाकोठाभित्र, बाहिर र समाजमा आफू सुरक्षित छु, आफूउपर कुनै प्रकारका हिंसा हुँदैन, समान र सम्माजनक व्यवहार हुन्छ भन्ने विश्वास गर्दैन तबसम्म उसले सिक्न सक्दैन । डर, त्रास, भेदभाव र हिंसाका वातावरणमा गुणस्तरीय शिक्षाको आशा गर्न मिल्दैन । समाज कति सुरक्षित छ ? विद्यालयमा सहकार्यको वातावरण कस्तो छ ? सामाजिक सद्भाव कस्तो छ ? सकारात्मक विभेदको अवस्था छ कि छैन ? यिनै आधारमा त्यस समाजमा गुणस्तरीय शिक्षाका लागि वातावरण छ कि छैन ? भन्ने निर्क्यौल गर्न सकिन्छ । हाम्रा विद्यालयहरू सबैका लागि समान रूपमा सुरक्षित र पहुँचमा नहुँदासम्म शिक्षाको गुणस्तरमा अपेक्षाकृत सुधार संम्भव देखिँदैन ।

४. प्रभावकारी सिकाइ प्रक्रिया (Effective Teaching Process)

गुणस्तरीय शिक्षाका लागि प्रभावकारी एवम् सक्रिय सिकाइ प्रक्रिया आवश्यक हुन्छ यसका लागि सिकाइ प्रक्रियामा समूहकार्य, समस्या समाधान विधि, प्रविधिको प्रयोगजस्ता विषय समावेश गर्न जरुरी छ । सिक्ने, मूल्याङ्कन गर्ने, पृष्ठपोषण गर्ने लगातारको यस्तो प्रक्रियाले शिक्षण अझ प्रभावकारी बनाउन सकिन्छ । हाल प्रचलनमा रहेको जस्तो शिक्षक केन्द्रित, भाषण विधिको सट्टा विद्यार्थी केन्द्रित, सिकाइ प्रक्रिया र सक्षमतामा आधारित मूल्याङ्कन र पृष्ठपोषण विधि उपयोगमा ल्याउन जरुरी छ ।

५. शैक्षिक सामग्रीको उपलब्धता (Availability of Instructional Materials)

शिक्षाको लागि अर्को महत्त्वपूर्ण आधार शैक्षिक सामग्रीहरूको उपलब्धता पनि हो । पाठ्यपुस्तक, पाठ्यसामग्री, श्रव्यदृष्य सामग्री, सूचना प्रविधिको प्रयोग, प्रयोगशाला, कार्यशाला, सामाजिक कार्य, प्रकृति र वातावरणको अध्यापन आदि विषयहरूलाई शैक्षिक सामग्री र साधन स्रोतहरूको रूपमा लिनु पर्दछ । हाम्रा दुर्गमका विद्यालयमा सामान्य पाठ्यपुस्तकसमेत अभाव भैरहँदा थप पाठ्यसामग्रीको आशा कसरी गर्नु, तर सक्षम र सक्रिय शिक्षकले आफ्नै परिवेशमा उपलब्ध वस्तुलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोगमा ल्याउन सक्दछन । यस सम्बन्धमा शिक्षकलाइ आवश्यक तालिमको व्यवस्था गर्नु जरुरी छ । यस्तै शिक्षकले "समय बित्यो जागिर पाक्यो" भन्ने मानसिकताबाट मुक्त हुँदै देशको भविष्य निर्माण गर्ने कार्यमा छु भन्ने सोचेर दत्तचित्त भएर कार्य गर्न जरुरी छ । वर्तमानको सञ्चारको युगमा थुप्रै विषयहरू इन्टरनेटबाट उपलब्ध हुन सक्दछन् । खाँचो शिक्षकको क्षमता र लगनको पनि हो ।

६.सक्षम विद्यालय प्रशासन र नेतृत्व (Capable School Administration and Leadership)

विद्यालयको शैक्षिक वातावरण निर्माण गर्न, साधन स्रोतको जोहो गर्नदेखि समाजसँगको विद्यालयको सम्बन्धलाई मजबुत बनाइ राख्न विद्यालय प्रशासन र नेतृत्व सक्षम हुन जरुरी छ । हाम्रै देशको उदाहरण हेर्दा पनि सक्षम र दुरदर्शी प्रधानाध्यापक भएको सार्वजनिक विद्यालयहरू, निजी विद्यालयभन्दा अब्वल देखिएका पनि छन् । उनीहरूको नेतृत्वमा विद्यार्थीहरूले राम्रो शिक्षा प्राप्त गर्न सफल भएका छन् ।

७. अभिभावक एवम् समुदायको संलग्नता (Inrolement of Community and Parents)

विद्यालयलाई शिक्षा आर्जन गर्ने थलो बनाउन अभिभावकले विद्यालयमा आफ्ना छोराछोरीहरू पठाएर मात्र पुग्दैन । उनीहरूको शैक्षिक प्रगति कस्तो भैइरहेको छ ? तह र उमेरअनुसार उनीहरूले सिकिरहेका छन कि छैनन् ? भनेर विद्यालय र शिक्षकहरूसँग जानकारीहरू लिइरहनु पर्दछ । विद्यालयसँग निरन्तर संवादमा हुन जरुरी छ । यस्तै विद्यालय व्यवस्थापन र यसको भौतिक, शैक्षिक, आर्थिक मजबुतीका लागि सरकारी अनुदानमात्र पर्याप्त हुँदैन, समुदायको योगदान पनि आवश्यक हुन्छ । समाजका हरेक सदस्यले विद्यालयलाई आफ्नो विद्यालयको रूपमा बुझ्न नसक्दा गाँउका सार्वजनिक विद्यालयहरू खाली हुँदै जाने तर निजीतर्फ विद्यार्थी भरिँदै जाने अवस्था बनेको हो । विद्यालय समाजको एक साझा र महत्त्वपूर्ण शैक्षिक थलो हो । यहाँ दलीय राजनैतिक साझेदारीभन्दा स्वच्छ सामाजिक योगदान आवश्यक छ । निजी विद्यालयहरूमा लगानीकर्ताहरूले प्रतिफलका लागि बढी जोड दिने हुनाले अन्य सामुदायिक सङ्लग्नता नभए पनि राजनैतिक प्रभाव कम हुँदा तुलनात्मक रूपमा पठनपाठनको वातावरण बनेको देखिएको छ । यस्तै स्थानीय सरकारले पनि विद्यालयको शैक्षिक वातावरण निर्माणमा गैरराजनैतिक तवरले भूमिका निर्वाह गर्नु पर्दछ ।

८. शिक्षामा सबैको समान पहुँच र समावेशिता (Equal access and inclusiveness for all)

शिक्षा मानव अधिकारको पनि विषय हो । यसमा सबैको समान पहुँच स्थापित हुन सक्ने वातावरण निर्माण गरिनुपर्दछ तर हाम्रो देशमा सार्वजनिक र दुर्गमका विद्यालयहरू गरीब निमुखाका लागि र सहरका निजी विद्यालयहरू धनी र हुने खाने वर्गका विद्यालयको रूपमा विकास भैरहेको छन् । यसबाट शिक्षाको मूलभूत अवधारणामाथि नै आघात पुगेको छ । राज्यले संविधानले व्यवस्था गरेबमोजिम सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयहरूको निर्माणमा जोड दिनु पर्दछ । यस्तै कमजोर वर्ग, समुदाय र व्यक्तिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरेर पनि थप सहयोग, समर्थन गर्न सकिन्छ । यिनै कारणहरूले पनि नेपालको शिक्षाको गुणस्तर प्रभावित भएको छ ।

९.विद्यार्थी स्वास्थ्य कार्यक्रम (Students Well–being Programs)

विद्यालयमा विद्यार्थीहरूको समग्र स्वास्थ्य अवस्थाबारे चेक जाँच गर्ने, उनीहरूको भौतिक स्वास्थ्य, पोषण र मानसिक स्वास्थ्य अवस्था तन्दुरुस्त राख्न आवश्यक सहयोग कार्यक्रम हुन जरुरी छ । यसका लागि पर्याप्त स्रोत साधनको जोहो, भौतिक परिवेशको निर्माण गर्न विद्यालय, समुदाय र स्थानीय सरकार तत्परताका साथ जुट्नु पर्दछ । अस्वस्थ्य र कुपोषित विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो हुन सक्दैन । यस कारण गुणस्तरीय शिक्षाका लागि विद्यालयहरू र विश्वविद्यालयहरूमा विद्यार्थी सहयोगका आवश्यक कार्यक्रमहरू हुनु पर्दछ ।

१०.अनुगमन मूल्याङ्कन तथा उत्तरदायित्व (Monitoring, Evaluation and Accountability)

विद्यालयहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि हेर्ने एवम् निरन्तर मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनु पर्दछ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हाँसिल हुन सके कि सकेनन् भनेर अनुगमन गरिनु पनि पर्दछ । शिक्षकहरूको क्रियाकलापको अनुगमन, पठनपाठनमा आधुनिक विधिहरूको प्रयोग र विद्यार्थीहरूबाट पृष्ठपोषण गर्ने प्रणालीबाट शिक्षाको गुणस्तरमा थप सुधार गर्न सकिन्छ । त्यस्तै विद्यार्थीहरूको उपलब्धिका लागि शिक्षक, विद्यालय प्रशासन र व्यवस्थापनसमेत उत्तरदायी हुने व्यवस्था गर्न सक्दा विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धि हुन्छ ।

नेपालको विद्यालय शिक्षाको गुणस्तरमा असर पारिरहेका मुख्य तत्त्वहरू (Key Factors Affecting the Quality of School Education in Nepal)

नेपालको विद्यालय शिक्षामा नकारात्मक असर पार्ने केही मुख्य तत्त्वहरू छन् । तिनीहरूको सङ्क्षिप्त चर्चा गरौं :

१.प्रणालीगत समस्या (Systemic Problems)

हाम्रो शिक्षा प्रणालीमा पाठ्यक्रम, शिक्षण विधि, सिकाइ उपलब्धिहरूको निर्धारण गर्ने सबालमा ठूलो समस्या रहेको देखिन्छ । विद्यालय शिक्षामा सबै विद्यार्थीहरूलाई एउटै ढाँचाको पाठ्यक्रम पढाउनु, एकै प्रकारका शिक्षकहरूले पढाउनु, एकै प्रकारका विद्यालयहरू हुनु र एकै प्रकारको विद्यार्थी मूल्याङ्कन प्रणाली हुनाले यो

कुराको पुष्टि गर्दछ । विद्यार्थीको सिकाइ क्षमता, चाहना र रूचि फरक फरक हुन्छ भनेर पहिला बुझौं । फरक फरक क्षमता र चाहना भएकालाई सबै कुरा फरक हुन पर्दैन र ? थोरै विद्यार्थीले मात्रै सैद्धान्तिक विषयलाई बुझेर पढ्न सक्छन् । झण्डै पचास प्रतिशत विद्यार्थीले सैद्धान्तिक विषयलाई पाठ पढेर बुझ्न सक्दैनन् । उनीहरूलाई सिक्न प्रयोगात्मक विधि अवलम्बन गरिनु जरुरी हुन्छ । यो विधिबाट सैद्धान्तिक विषयका रहस्यहरू प्रत्यक्ष अवलोकन गरेर वा हातले कार्य गरेर बुझाउन सकिन्छ । यसका लागि समय पनि लामो लाग्न सक्छ, कक्षाकोठा पनि फरक हुनु पर्दछ, शिक्षक सोहीअनुसारको हुनु पर्दछ र मूल्याङ्कन पनि । यस्तै शिक्षालाई व्यावसायिक शिक्षा (Vocational Education) भनिएको हो । व्यावसायिक शिक्षा भनेको व्यावसाय गर्ने शिक्षा हो भनेर नबुझौ, व्यावहारबाट सिक्ने शिक्षा हो भनेर बुझ्यौं भने ठिक हुन्छ । हाम्रो शिक्षा प्रणालीमा कक्षा दशपछि तीन किसिमको प्रणालीगत विभाजन जरुरी देखिन्छ ।

(क) व्यावसायिक शिक्षा,

(ख) प्राविधिक शिक्षा र,

(ग) साधारण शिक्षा ।

कक्षा १० को बोर्ड परीक्षा (SEE) को नतिजा ग्रेडिङ प्रणालीबाट प्रकाशन गरिसकेपछि फेरि पास फेलको पुरानै सोचबाट मुक्त हुन नसक्नु एक समस्या हो । विद्यार्थीको नतिजामा NG बनाएर पुनः सैद्धान्तिक परीक्षा दिनै पर्ने बाध्यता हट्नु पर्दछ । ग्रेडिङ प्रणालीअनुसार GPA २ भन्दा तलका सबै विद्यार्थीहरूलाई ४ वर्षे व्यावसायिक धारको पाठ्यक्रम पढेपछि माध्यमिक तह उत्तीर्ण हुने, त्यस्तै GPA २ देखि २.८ सम्मका विद्यार्थीहरूले ३ वर्षे प्राविधिक धार अध्यापन गर्नुपर्ने र सोभन्दा माथिका ग्रेडका विद्यार्थीहरूलाई २ वर्षे साधारण धारको शिक्षाबाट माध्यमिक तह पार गर्ने गरी शिक्षा प्रणालीको परिवर्तन गरिनु आवश्यक छ । यसो नगरी एउटै ढाँचाको शिक्षाबाट गुणस्तरीय माध्यमिक शिक्षा बन्न सक्दैन । विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुन सक्दैन र शिक्षा व्यावहारिक पनि बन्दैन ।

२.पहुँचको समस्या (Problems of access)

विद्यालय शिक्षामा सबैलाई समान पहुँच पुऱ्याउने गरी राज्यले कार्य गर्न सकेको छैन । दुर्गम र गरीबहरूको पहुँचबाट शिक्षा पर छ । भन्नलाई त शिक्षा निःशुल्क भनिएको छ । निःशुल्क भनेर मात्र पुग्दैन, विद्यार्थीहरूको घरको आर्थिक अवस्था, यातायात र बाटोको अवस्था, विद्यालयको भौतिक अवस्था, शैक्षिक सामग्री, प्रयोगशाला, पुस्ताकालय र सूचना प्रविधिको पहुँच र प्रयोगको अवस्था सबै असमान छ । कतै त यी सुविधाहरू छैन बराबरको अवस्थामा छन् । यस्तो अवस्थामा सबै विद्यार्थीले समान ढङ्गले सिक्न सक्ने अवस्था बन्नै सक्दैन । राज्यको ध्यान यतातर्फ पुग्न आवश्यक छ । योग्य विषयगत शिक्षकको अभाव पनि छ । यस्ता विषयहरूमा राज्यले प्रभावकारी कदम तत्काल उठाउनु आवश्यक छ ।

३.आर्थिक सामाजिक समस्या (Socio-economic problems)

नेपाली समाजमा रहेको आर्थिक सामाजिक असमानता र विभेदको प्रत्यक्ष प्रभाव शिक्षा प्रणालीमा पारेको छ । सत्तामा पहुँच राख्ने र हुने खाने वर्गका लागि सुविधा सम्पन्न निजी विद्यायलहरू स्वदेशमै छन् भने कतिपय त विदेशका विद्यालयका पढ्छन । यस्तो हुन पाउनुलाई त्यो वर्गले आफ्नो मानव अधिकारको रूपमा अर्थ्याउँदै आएको छ तर गरीब, दलित, पिछडिएको क्षेत्र र महिलाहरूमाथिको विभेद अझै पनि चरम रूपमै देख्न सकिन्छ । संविधानमा लेखिएको समाजवाद उन्मुख व्यवस्था भनेको यस्तै विभेदको अन्त्य गर्ने दिशामा कार्य गर्ने व्यवस्था भनिएको हो तर सत्ता कब्जा गरेर बसेको वर्ग व्यावहारमा यसो गर्न तयार छैन । एकपटक भोट जम्मा गरेपछि ५ वर्ष मनमौजी शासन गर्ने व्यवस्था लोकतन्त्र हुन सक्दैन । विपन्न र विभेदमा परेका व्यक्तिलाई राज्यले थप सहयोग पुऱ्याउन सक्नु पर्दछ । गुणस्तरीय शिक्षा सबैको पहुँमा हुनु पर्दछ ।

४.प्रविधि प्रयोगको समस्या (Problems in the use of technology)

नेपालको शिक्षा प्रणालीले समयानुकूल वैज्ञानिक प्रविधिहरूको प्रयोग शिक्षण सिकाइमा गर्न सकेको छैन । सबै स्थानमा विद्युत, इन्टरनेट र यातायातको पहुँच पुग्न अझैं बाँकी छ । भएका स्थानहरूमा पनि गुणस्तर राम्रो छैन । यसकारण नेपाली विद्यार्थीहरूले गणित र विज्ञान प्रविधिका विषयमा राम्रो गर्न सकिरहेका छैनन् । असल शिक्षक र आफ्नै अभ्यासबाट गर्न सकिने धेरै कुरा पनि अगम्य भएका छन । यसकारण विज्ञान र प्रविधिको प्रयोग वृद्धि गर्नु आवश्यक छ ।

५.योग्य शिक्षकको अभाव (Lack of qualified teachers)

विद्यालयहरूमा योग्य विषयगत शिक्षकहरूको अभाव छ । सहरमै पनि योग्य शिक्षक पाउन गाह्रो भएको अवस्थामा दुर्गम गाँउमा कहाँबाट पाउनु । हिजोआज हामीले देखेका छौं विद्यालयहरूले विज्ञान, गणित र अङ्ग्रेजी विषयको शिक्षकको विज्ञापन पाँचौंपटक छैटौपटकसम्म गरेको पाइन्छ । शिक्षण पेशामा अब्वल मान्छेहरू आकर्षित गर्ने सरकारी योजना र कार्यक्रमविना यो सम्भव देखिँदैन ।

६.राजनैतिक अस्थिरता र नीतिगत अस्पष्टता (Political instability and policy ambiguity)

नेपालको राजनैतिक प्रणाली बडो अस्थिर छ । दलहरू देशहितलाई केन्द्रमा राखेर कार्य गरिरहेका छैनन् । दलीय स्वार्थ र सत्ता प्राप्तिलाई केन्द्रमा राखेर राजनीति गरिरहेका छन् । यसबाट हर क्षेत्रमा नीतिगत अस्पष्टता र अस्थिरता उत्पन्न भएको छ । शिक्षा राज्यको उपेक्षामा परेको देखिन्छ । जनताका आधारभूत आवश्यकतामध्ये शिक्षा र स्वास्थ्य प्रमुख विषयहरू हुन तर तिनै विषयहरू ओझेलमा छन । गुणस्तरीय शिक्षाविना रोजगारी सम्भव हुँदैन भन्ने थाहा हुँदाहुदै गुणस्तरीय शिक्षामा लगानी वृद्धि नगरी युवा निर्यात गरेर रेमिटान्सबाट देश चलाउने राजनैतिक दलहरूलाई कसरी सम्झाउने होला । यो अवस्थामा आमूल परिवर्तन आजको खाँचो हो ।

७.नेपालको वहुसांस्कृतिक सामाजिक बनौट र शिक्षा प्रणाली बिचको अन्तरविरोध (Contradiction between Nepal's multicultural social structure and the education system)

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक समाज हो । एउटै वस्तु र विषयको अर्थ र प्रयोग फरक फरक साँस्कृतिक समाजमा फरक फरक ढङ्गबाट हुने गर्दछ । यो कुरालाई नेपालको शिक्षा प्रणालीले अङ्गीकार गरेन । आफ्नो सांस्कृतिक र पारिवारिक पृष्ठभूमिभन्दा फरक ढाँचामा शिक्षा दिन खोज्दा विद्यार्थीमा अन्यौल उत्पन्न हुन्छ । त्यसैले यहाँ पिछाडिएको क्षेत्र, समुदाय, दलित, जनजाती र मधेसी समुदायबाट आएका विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर देखिएको हुन सक्छ । यसको अर्थ उनीहरूमा क्षमता कमजोर छ भन्ने हुन सक्दैन । यो अन्तरविरोधको हल नगरी शिक्षामा गुणस्तर सुधार र विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार संभव होला र ?

८.बढ्दो विद्यार्थी पलायनको समस्या (The growing problem of student outmigration)

देशमा डरलाग्दो हिसाबले वौद्धिक पलायन भइरहेको छ । योग्य युवा विद्यार्थीहरू कक्षा १२ पास गर्ने बित्तिकै देश बाहिर जाने लहर छ । यसबाट समाजका सबै क्षेत्र प्रभावित छन भने शिक्षा क्षेत्र अझ बढी नकारात्मक रूपमा प्रभावित भएको छ ।

देशको अस्थिर राजनीतिक माहौल, बढ्दो भ्रष्टाचार, जवाफदेहितावीहीन प्रशासन संयन्त्र, अराजकता, वेरोजगारी विद्यार्थी पलायन गराउने मुख्य कारणहरू हुन । यिनै कारणहरूको चपेटामा परेर हाम्रा विश्वविद्यालयहरू आफ्नै शैक्षिक पात्रो कार्यान्वयन गर्न असमर्थ भएका छन् । देशभित्र उच्च शिक्षाको वातावरण भद्रगोल बनेको छ भने उच्च शिक्षापछिको भविष्य अष्पस्ट र अन्यौलग्रस्त देखिँदा अभिभावक स्वयंले आफ्ना सन्ततिलाई गुणस्तरीय उच्च शिक्षाको नाममा विदेश पलायन हुन अभिप्रेरितसमेत गरीएको छन् । देशभित्र केही हुँदैन भन्ने नकारात्मक भाव व्याप्त भएको छ । तर तीनै तहका सरकार र तिनीहरूका संयन्त्रले देशभित्र गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने र रोजगारी सिर्जना गर्ने कार्य गरेको देखिँदैन ।

शैक्षिक गुणस्तर र विद्यार्थी मूल्याङ्कन (Educational quality and student assessment)

देशको शिक्षा प्रणालीले प्रदान गरेको शैक्षिक गुणस्तर र विद्यार्थीले प्राप्त गरेको ग्रेड (अङ्क) दुई फरक विषय हुन् । शिक्षाको गुणस्तरले विद्यार्थीमा हुनुपर्ने समयानुकूल ज्ञान, सीप र सोहीअनुसारको व्यवहारलाई जनाउँछ । तर विद्यार्थी मूल्याङ्कनको अङ्क (ग्रेड) भनेको पाठ्यक्रममा निर्धारण गरे वमोजिमको मूल्याङ्कन प्रक्रियाबाट मूल्याङ्कन गरिएको विद्यार्थीको नतिजा (Score) मात्र हो । यस्तो मूल्याङ्कन विधि वैज्ञानिक एवम् व्यवहारिक छ कि छैन भन्ने कुरा धेरै पक्षले निर्धारण गर्दछ । विद्यार्थी मूल्याङ्कन विधि वैज्ञानिक, पारदर्शी र व्यवहारिक हुँदा यसले शिक्षाको गुणस्तरसँग सकारात्मक (Positive) सहसम्बन्ध (Correlation) बनाउँछ । अन्यथा यसको शैक्षिक गुणस्तरसँग कुनै सम्बन्ध हुँदैन । हाम्रो शिक्षाको अवस्था र त्यसको गुणस्तरमा प्रभाव पारिरहेका मुख्य विषयहरूमाथि चर्चा गरिसकिएको छ । अव यहाँ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अवस्थाको मोटामोटी चर्चा गरौं:

विद्यार्थी मूल्याङ्कनको अवस्था

विद्यार्थी मूल्याङ्कन सिकाइ उपलब्धिको मापन हो । यस्तो मूल्याङ्कन मुख्यतयः ३ प्रकारले गरिन्छ :

१.पहिचानात्मक (Diagnostic)

२.सुधारात्मक (Formative)

३.प्रमाणीकरण मूल्याङ्कन (Summative)

विद्यार्थीका सबल एवम् दुर्बल पक्षहरू पत्ता लगाउन पहिचानात्मक (Diagnostic Assessment) मूल्याङ्कन गरिन्छ । विद्यार्थीमा उमेर र तहनुसार आवश्यक ज्ञान, सीपको अवस्था कस्तो छ ? उसले के के सिकिसकेको छ ? के सिक्न बाँकी छ, ? उसलाई कुन विषयमा रूचि छ वा छैन जस्ता कुराहरू थाहा पाउन शिक्षकले यो मूल्याङ्कन विधि अपनाउँछन । तर हाम्रा पाठ्यक्रमहरूमा यो मूल्याङ्कनको उल्लेखसमेत गरेको देखिँदैन । विद्यार्थीको वास्तविक धरातल थाहै नभन उसलाई जबरजस्ती कुनै विषय सिकाउन खोज्दा कस्तो असर पर्ला ? उसले कसरी सिक्ला ? यस्को उपचार के होला ? यी प्रश्नहरू हाम्रो शिक्षा प्रणालीमा अहम प्रश्नहरू हुन् ।

विद्यार्थीलाई विषयवस्तु सिकाइरहँदा सबै विद्यार्थीहरूले समान रूपले सिक्न सकिरहेका हुदैनन । सिक्न र सिकाउने प्रक्रियामा विद्यार्थीलाई थप सहयोगको जरुरत पर्ने हुन्छ । यसकारण पठनपाठनकै क्रममा विद्यार्थीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गरी आवश्यकताअनुसारको सहयोग (Support) गर्न सकेमा विद्यार्थीले थप सिकाइ उपलब्धि हासिल गर्न सक्दछ । यस प्रक्रियाका लागि शिक्षकले सूचाङ्कमा आधारित निरन्तर मूल्याङ्कनका विधिहरू अवलम्बन गर्नुपर्ने हुन्छ । हाम्रा शिक्षकहरूमा यस्तो मूल्याङ्कन गर्ने सीप छ कि छैन ? शिक्षकको योग्यताले पनि धेरै कुरा निर्धारण गर्दछ ।

विद्यार्थीले तह पार गर्दा निश्चित विधि र प्रक्रियाअनुसार प्रमाणीकरण गरेको प्रमाणपत्र प्रदान गरिन्छ । यस्तो प्रमाणपत्र प्रदान गर्दा विद्यार्थीको सिकाइ उपलब्धिको मापन गरी अङ्क वा ग्रेड दिने गरिन्छ । यस्तो मूल्याङ्कन नै प्रमाणीकरण मूल्याङ्कन (Summative) हो । यो मूल्याङ्कन औपचारिक शिक्षामा तोकिएको पाठ्यक्रमले निर्धारण गरेबमोजिम गरिन्छ । हाम्रो शिक्षा प्रणालीमा अन्तिम परीक्षा, बोर्ड परीक्षाजस्ता परीक्षाबाट यस्तो मूल्याङ्कन गर्ने गरिएको छ । यस्ता मूल्याङ्कनहरूमा निश्चित समयभित्र तोकिएबमोजिमका प्रश्नहरूको जवाफ दिनु पर्ने हुनाले विद्यार्थी तनावमा रहन्छन् । तनावको मात्राअनुसार उसको परीक्षाको नतिजामा फरक पर्न सक्छ । यस्तै निश्चित समयभित्र दिइने लिखित जवाफबाट विद्यार्थीको सीप क्षमताको समुचित मापन गर्न कठिन हुन सक्छ । विद्यार्थीले आर्जन गरेको ज्ञान, सीप र उसमा आएको व्यवहारको परिवर्तनसमेतको मूल्याङ्कन गरी प्रमाणपत्र दिने र ग्रेड उल्लेख गर्ने मूल्याङ्कन विधि नअपनाउँदासम्म परीक्षाको नतिजाका आधारमा गरिने शिक्षाको गुणस्तरको मापन सही मापन हुन सक्दैन । हाम्रो शिक्षा प्रणालीमा विद्यार्थी मूल्याङ्कनलाई एक अहम सबाल मानेर उन्नत र वैज्ञानिक मूल्याङ्कन विधि अवलम्बन गरीनु आवश्यक छ । हाम्रा सार्वजनिक वा निजी सबैजसो विद्यालयमा ३ घन्टे परीक्षाबाट विद्यार्थी मूल्याङ्कन गरी प्रमाणिकरण गर्ने गरिन्छ । यस्तो परीक्षा प्रणालीबाट प्राप्त नतिजा (ग्रेड)ले शिक्षा प्रणालीको गुणस्तर र सम्बन्धित विद्यालयको शैक्षिक गुणस्तर प्रमाणित गर्दैन ।

हाम्रो माध्यमिक शिक्षा प्रणालीमा उमेर समूह र कक्षाअनुसार विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्ने छुट्टै निकाय शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) छ । यसले नियमित रूपमा राष्ट्रिय रूपमा परीक्षण गरी नतिजा सार्वजनिकमात्र गर्दैन, सरकारलाई आवश्यक सुझाव पनि दिने गर्दछ तर नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यस्ता सुझावहरूको कार्यान्वयनमा ध्यान दिएको पाइँदैन । आफ्नै निकायबाट प्राप्त सुझावहरूको कार्यान्वयन नहुँदा नेपालको शिक्षा प्रणालीले अपेक्षित गुणस्तर प्रदान गर्न सकेको छैन । सरकारी निकायहरू नै राष्ट्रिय परीक्षा बोर्डको नतिजालाई लिएर गुणस्तरको बहस गरिरहेका छन् जुन मिल्ने कुरा हैन ।

नेपालको माध्यमिक तहको वर्तमान मूल्याङ्कन प्रणाली : एक समग्र अध्ययन

✍ विनोद कुमार अधिकारी
प्रधानाध्यापक एवम
सामाजिक विषय शिक्षक, चितवन

१. परिचय

शिक्षा कुनै पनि राष्ट्र निर्माणको मेरुदण्ड हो । विद्यालय तहमा दिइने गुणस्तरीय शिक्षा विद्यार्थी मात्र होइन, राष्ट्रको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ (UNESCO,२०१५) नेपालको शैक्षिक विकासको इतिहासमा माध्यमिक तह (कक्षा ९ देखि १२) एक संवेदनशील, निर्णायक र आधारभूत चरण हो । यस तहमा प्राप्त हुने ज्ञान, सीप र दृष्टिकोणले भविष्यका लागि सक्षम नागरिक तयार पार्ने आधार निर्माण गर्दछ । यस तहमा अध्ययन गरिने अनिवार्य विषयहरू केवल शैक्षिक दृष्टिले मात्र होइन, विद्यार्थीको व्यवहारिक, सांस्कृतिक, सामाजिक र नैतिक विकासका लागि पनि आधारस्तम्भ मानिन्छ (MoEST, २०२०) ।

पछिल्ला केही वर्षहरूमा नेपालले माध्यमिक तहको शिक्षा प्रणालीमा व्यापक सुधारहरू लागु गर्दै आएको छ । विशेषगरी, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन एक ऐतिहासिक कदम हो, जसले नेपाली माध्यमिक शिक्षामा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य राखेको छ । यो नयाँ प्रणालीले विद्यार्थीहरूमा सञ्चार, समालोचनात्मक चिन्तन, रचनात्मकता, समस्या समाधान, सहकार्य र डिजिटल साक्षरता जस्ता एक्काइसौं शताब्दीका जीवनोपयोगी सीपहरू विकास गर्ने उद्देश्य राख्दछ ।

यसै क्रममा, राष्ट्रिय पाठ्यक्रम प्रारूप (NCF,२०७६) को कार्यान्वयन एक ऐतिहासिक कदम हो । यसले लामो समयदेखि चलिआएको परीक्षाकेन्द्रित प्रणालीलाई विस्थापित गर्दै विद्यार्थीको समग्र विकासमा केन्द्रित एक प्रगतिशील ढाँचा प्रस्तुत गरेको छ (CDC,२०१९) । यही परिप्रेक्ष्यमा, यस अध्ययनले नेपालमा माध्यमिक तहको मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था, यसका दार्शनिक आधार, कार्यान्वयनमादेखिएका चुनौतीहरू र सुधारका सम्भावित उपायहरूमा केन्द्रित रहेर एक विस्तृत र विश्लेषणात्मक विवेचना प्रस्तुत गर्ने छ ।

२.पाठ्यक्रममा मूल्याङ्कनको संरचना र सैद्धान्तिक आधार

नेपालको माध्यमिक तहको वर्तमान पाठ्यक्रम संरचना राष्ट्रिय पाठ्यक्रम प्रारूप(२०७६) (CDC, 2019) मा आधारित छ । यस प्रारूपले परम्परागत विषयकेन्द्रित शिक्षाको दृष्टिकोणलाई प्रतिस्थापन गर्दै सक्षमता (केन्द्रित (Competency-Based) र एकीकृत (Integrated) शिक्षालाई संस्थागत गर्ने प्रयास गरेको छ । विद्यार्थीलाई निश्चित कक्षा वा तह पार गर्दा प्राप्त हुनुपर्ने ज्ञान, सीप, मूल्य र दृष्टिकोणको स्पष्ट व्याख्या यसमा गरिएको छ । यसले शिक्षा प्रणालीलाई व्यवहारिक, उत्तरदायी र जीवनोपयोगी बनाउन मद्दत गर्ने अपेक्षा राखेको छ ।

२.१ एकल पथीय पाठ्यक्रम (Single-Track Curriculum)

पहिले कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाजस्ता धारमा विभाजन गरिएको पाठ्यक्रमलाई विस्थापन गरी अब सबै विद्यार्थीलाई साझा अनिवार्य विषयहरू पढाउने र विद्यार्थीको इच्छाअनुसार ऐच्छिक विषय छनोट गर्न दिने प्रणाली लागु गरिएको छ । विद्यार्थीले अनिवार्य रूपमा नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन (कक्षा ११) र जीवनोपयोगी शिक्षा (कक्षा १२) अध्ययन गर्नु पर्दछ । त्यससँगै उनीहरूले तीनवटा ऐच्छिक विषयहरू अध्ययन गर्न पाउँदछन् । जसले विद्यार्थीलाई रुचि र भविष्यको शैक्षिक तथा व्यावसायिक योजनाअनुसार विषय छनोट गर्ने स्वतन्त्रता प्रदान गरेको छ । यस एकल पथ प्रणालीले सबै विद्यार्थीलाई साझा आधारभूत ज्ञान र समान शैक्षिक अवसर प्रदान गर्ने लक्ष्य लिएको छ । विषय छनोटमा लचिलोपन दिँदा विद्यार्थीको बहुआयामिक विकास र विशिष्टीकरणको सम्भावना पनि वृद्धि हुने विश्वास गरिएको छ (MoEST, 2020) ।

२.२ सक्षमतामा आधारित शिक्षा (Competency-Based Education)

सक्षमतामा आधारित शिक्षाको अवधारणाले केवल जानकारीको मात्र सङ्कलन होइन, व्यवहारिक प्रयोग, समस्या समाधान क्षमता, सामाजिक उत्तरदायित्व र जीवनोपयोगी सीपहरूको विकासमा जोड दिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार, विद्यार्थीमा राष्ट्रियता, श्रमप्रतिको सम्मान, सूचना प्रविधिको उपयोग, खोज तथा अनुसन्धानको झुकाव, उद्यमशीलता, र वातावरणीय चेतनाजस्ता सक्षमताहरू विकास गरिनुपर्ने छ । यसले शिक्षालाई केवल किताबी होइन, जीवनमै उपयोगी बनाउने दिशामा लाने उद्देश्य राखेको छ (CDC, 2019)।

२.३ सैद्धान्तिक आधार

नयाँ पाठ्यक्रम Bloom's Taxonomy (2001), Constructivist Learning Theory/WHO (2003) द्वारा परिकल्पना गरिएको Life Skills Education मा आधारित छ । Bloom को दृष्टिकोणले ज्ञान, समझ, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कनका तहहरूलाई सम्बोधन गर्छ । Constructivist दृष्टिकोणले विद्यार्थीलाई आफ्नै अनुभव र अन्तरक्रियाबाट सिकाइ निर्माण गर्न प्रेरित गर्छ । Life Skills Education ले तनाव व्यवस्थापन, संवाद, सहकार्य, नेतृत्व, निर्णय क्षमता र आत्मविश्वास जस्ता सीपहरू विकासमा ध्यान दिन्छ।

३. मूल्याङ्कन प्रणालीको विकास र प्रभाव

नेपालको माध्यमिक शिक्षामा मूल्याङ्न प्रणाली समयानुकूल परिवर्तन हुँदै गएको छ । प्रारम्भिक चरणमा यो प्रणाली परीक्षामुखी, पाठ्यपुस्तक केन्द्रीत र अङ्कमा आधारित थियो, जसले विद्यार्थीको सैद्धान्तिक ज्ञान त मापन गर्थ्यो तर व्यवहारिक क्षमता, सम्प्रेषण कौशल, र जीवनोपयोगी सीपहरूको उचित मूल्याङ्कन गर्न सक्दैनथ्यो । पछिल्ला दशकहरूमा शिक्षा मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्रको अगुवाइमा मूल्याङ्कन प्रणालीमा सुधार प्रयासहरू भएका छन, जसले मूल्याङ्कनलाई समग्र सिकाइको अभिन्न अङ्ग बनाएको छ।

३.१ नवीन मूल्याङ्कन प्रणाली

नयाँ पाठ्यक्रमको ढाँचाअनुसार मूल्याङ्कन प्रणालीमा निरन्तर र समग्र मूल्याङ्कन (CCE)" को अवधारणा लागु गरिएको छ । निरन्तर र व्यापक मूल्याङ्कन (CCE) एक शैक्षिक मूल्याङ्कन प्रणाली हो । जुन विद्यार्थीको समग्र विकासको मूल्याङ्कन गर्न डिजाइन गरिएको हो । शैक्षिक र सहशैक्षिक दुवै पक्षहरूमा केन्द्रित । यसले केवल अन्त्य-अवधि परीक्षाहरूमा भर पर्नुको सट्टा निरन्तर मूल्याङ्कनमा जोड दिन्छ । CCE ले नियमित प्रतिक्रिया प्रदान गरेर र सुधारका क्षेत्रहरू पहिचान गरेर विद्यार्थीहरूमा तनाव कम गर्ने लक्ष्य राख्दछ । कक्षा १ देखि ८ सम्ममा आन्तरिक मूल्याङ्कनलाई ५० प्रतिशतको महत्व दिइएको छ, । जसमा गृहकार्य, परियोजना कार्य, मौखिक परीक्षा, प्रस्तुति, र व्यवहार पक्षको मूल्याङ्कन समावेश छन्न् । त्यसै गरी कक्षा ९ देखि १२ कक्षामा समेत आन्तरिक मूल्याङ्कनमा २५ प्रतिशतको अनुपातमा Class Test, Assignment, Project Work/Participation समावेश गरिएको छ ।

३.२ नतिजा आधारित मूल्याङ्कन (Outcome-Based Assessment)

हालको मूल्याङ्कन प्रवृत्ति नतिजा आधारित बनेको छ । यसले विद्यार्थीहरूको आत्मनिर्भरता, आलोचनात्मक सोच, समस्या समाधान क्षमता, र सहकार्य कौशल जस्ता व्यवहारिक पक्षहरूलाई मूल्याङ्कनको मूल मापदण्ड बनाएको छ । सिकाइको प्रक्रियामा Formative Assessment र सत्रान्तमा Summative Assessment को सन्तुलित प्रयोग गरिन्छ । यस्तो अभ्यासले शिक्षणलाई निष्क्रिय परीक्षाबाट जीवनोपयोगी शिक्षा प्रणालीमा रूपान्तरण गर्न सहयोग पुगेको देखिन्छ ।

३.३ आन्तरिक र बाह्य मूल्याङ्कनको सन्तुलन

माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको मूल्याङ्कन अब आन्तरिक (Internal) र बाह्य (External) गरी दुई भागमा विभाजित छ । सैद्धान्तिक विषयहरूमा पनि निश्चित प्रतिशत अङ्क आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको छ । उदाहरणका लागि, माध्यमिक शिक्षा परीक्षा (SEE), कक्षा १० को अन्त्यमा, विद्यालयले सञ्चालन गर्ने आन्तरिक मूल्याङ्कन र राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने बाह्य परीक्षाको संयोजनबाट

नतिजा प्रकाशन गरिन्छ । त्यस्तै, कक्षा ११ र १२ मा पनि आन्तरिक मूल्याङ्कनको भारलाई बढाइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत परियोजना कार्य (project work), प्रयोगात्मक कार्य (practical work), कक्षा सहभागिता, र त्रैमासिक परीक्षाहरू पर्दछन् । यसको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ प्रक्रियाको निरन्तर अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु र घोकन्ते प्रवृत्तिलाई निरुत्साहित गर्नु हो । अनुसन्धानहरूले देखाएका छन् कि आन्तरिक मूल्याङ्कन समावेश गरिएका विद्यालयहरूमा विद्यार्थीहरूको प्रदर्शनमा उल्लेखनीय सुधार आएको देखिन्छ (Shrestha & Dhakal, 2021; Karki, 2020).

३.४ अक्षराङ्कन पद्धति (Grading System)

अङ्कमा आधारित मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूबीच अनावश्यक प्रतिस्पर्धा र मनोवैज्ञानिक दबाब सिर्जना गरेको निष्कर्षसहित नेपालले अक्षराङ्कन पद्धति (Letter Grading System) लागु गरेको छ । यस प्रणालीमा विद्यार्थीको उपलब्धिलाई अङ्कको सट्टा अक्षर (A+, A, B+, B, ...) मा वर्गीकरण गरिन्छ । यसको उद्देश्य विद्यार्थीको समग्र क्षमतालाई एकै अङ्कले सीमित गर्नुको सट्टा उनीहरूको सिकाइ स्तरको व्याख्यात्मक जानकारी प्रदान गर्नु हो। तर, अक्षराङ्कन पद्धतिको प्रभावकारिताका लागि अभिभावक र विद्यार्थीमा स्पष्ट बुझाइ र उच्च शिक्षामा भर्नाका लागि यसको सही व्याख्या हुन आवश्यक छ ।

३.५ मूल्याङ्कन प्रणालीको संरचना (Structure of Assessment System)

नेपालको माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको मूल्याङ्कन प्रणालीमा हालसालै व्यापक पुनर्संरचना गरिएको छ, जसले शिक्षण र सिकाइ प्रक्रियालाई अझ प्रभावकारी र समावेशी बनाउने लक्ष्य राखेको छ । परम्परागत परीक्षामुखी प्रणालीलाई परित्याग गर्दै नयाँ प्रणालीले निरन्तर मूल्याङ्कन (Continuous Assessment), आन्तरिक सहभागिता, व्यवहारिक सीप, र अक्षराङ्कन प्रणालीलाई जोड दिएको छ ।

४. नेपालको वर्तमान मूल्याङ्कन प्रणालीको व्यवहारिक यथार्थः शिक्षकहरूको कथात्मक प्रतिक्रिया

नेपालको माध्यमिक तहको शिक्षण प्रणालीमा पाठ्यक्रम परिवर्तन, सिकाइका विधिमा विविधता र नवप्रवर्तनका प्रयासहरू हुँदै आएका छन् तथापि, मूल्याङ्कन प्रणाली अझै परम्परागत, परीक्षाकेन्द्रित र व्यवहारिक ज्ञानभन्दा किताबी ज्ञानमाथि केन्द्रित देखिन्छ । यो मूल्याङ्कन प्रणालीका व्यवहारिक समस्या शिक्षकहरूको अनुभवका माध्यमबाट झनै स्पष्ट रूपमा देखा पर्छ ।

नेपाली विषयका शिक्षक नारायण गौतम बागलुङबाट काठमाडौँ सरिसकेका अनुभवी शिक्षक तथा प्रधानाध्यापक हुन् उनी भन्छन् ‘‘नयाँ पाठ्यक्रमले विद्यार्थीको भाषिक, भावनात्मक र सांस्कृतिक चेतना विकास गर्ने कुरा गर्छ । तर शिक्षण स्रोतको अभाव, पाठ्यपुस्तक ढिलो आउने समस्या, र विद्यार्थीमा पहुँचको असमानताले परियोजना कार्य प्रभावकारी रूपमा लागु गर्न असम्भव जस्तै छ ।’’ यसले मूल्याङ्कनको वास्तविक कार्यान्वयन शिक्षण स्रोत, समय र पहुँचमा निर्भर रहेको देखाउँछ । मैले सिकेअनुसार समाधान भनेको शिक्षण र मूल्याङ्कन दुवैमा आमूल सुधार गर्नु हो । प्रयोगात्मक मूल्याङ्कनलाई सशक्त बनाउन शिक्षक तालिम अनिवार्य बनाइनुपर्छ । ताकि उनीहरूले मूल्याङ्कनका क्षेत्रमा आधुनिक विधि र उपकरणहरू प्रयोग गर्न सकुन् । साथै, प्रोजेक्ट कार्य, गृहकार्य, समूह कार्य, प्रस्तुति, र सहकार्यमा आधारित मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्नेछ जसले विद्यार्थीको व्यवहारिक तथा क्रियाशील शिक्षालाई प्रोत्साहन गर्छ । आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षकहरूले स्पष्ट र पारदर्शी मूल्याङ्कन मापदण्ड (rubrics) प्रयोग गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई आफ्ना कमजोरी र सामर्थ्य पहिचान गर्न सहयोग गर्दछ ।

खैरहनी माध्यमिक विद्यालय चितवनका अङ्ग्रेजी विषयका शिक्षक देवप्रसाद पण्डितको अनुभव अन्तर्राष्ट्रिय मापदण्डअनुसार चारवटा भाषा सीप (listening, speaking, reading, writing) मूल्याङ्कन गर्ने प्रणालीको अभावप्रति केन्द्रित छ । listening, speaking लाईभन्दा reading, writing लाई मूल्याङ्कनमा बढी महत्व दिईएको छ । जसले दिगो सिकाईलाई प्रभावित पारेको छ । उनी भन्छन् ‘‘शिक्षकहरूलाई व्यवहारिक मूल्याङ्कन विधिमा तालिम दिइएको छैन । स्कुलमा ICT उपकरण छैनन्, भाषा प्रयोगशाला छैन । मूल्याङ्कन अझै पनि किताबी र कण्ठस्थ शैलीमा आधारित छ ।’’ उनी प्रस्तुति, अन्तरक्रिया, प्रोजेक्ट कार्यमा आधारित मूल्याङ्कन प्रणालीको विकास र ICT पहुँचलाई नीतिगत प्राथमिकता दिनुपर्ने सुझाव दिन्छन् ।

त्यसै गरी अङ्ग्रेजी विषयका पाठ्यपुस्तक लेखक तथा विषय प्रशिक्षक वटुकलाल तामाङले आफ्नो वर्तमान मूल्याङ्कन प्रणालीप्रतिको धारणा यसरी प्रस्तुत गर्दछन् । उनी भन्दछन् ‘‘नेपालको माध्यमिक तहमा अङ्ग्रेजी विषयको मूल्याङ्कन प्रणालीलाई म एक विषय शिक्षकको दृष्टिकोणबाट हेर्दा, यसको सकारात्मक पक्ष र चुनौतीहरू दुवै देख्दछु । आन्तरिक र बाह्य मूल्याङ्कन दुवै किसिमका अभ्यासले विद्यार्थीहरूको भाषा सीपलाई बृहत रूपमा समेट्ने प्रयास गरेको छ, जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका विभिन्न पक्षहरूलाई समेटिएको छ । यो बहुआयामिक मूल्याङ्कन प्रणालीले विद्यार्थीलाई केबल परीक्षाकेन्द्रित होइन, समग्र भाषागत विकासतर्फ समेत जोड दिएको छ । तर, वास्तविक शिक्षण एवम् मूल्याङ्कन प्रक्रियामा धेरैपटक शिक्षक र विद्यार्थीहरूले चुनौतिको सामना गर्नुपरेको छ । उदाहरणका लागि, आन्तरिक मूल्याङ्कनमा सहभागिता र बोल्ने परीक्षणलाई महत्व दिइएको भए पनि, धेरैजसो विद्यालयहरूमा समय अभाव र स्रोत साधनको कमीका कारण यी पक्षहरूमा पर्याप्त ध्यान दिईएको छैन । केही विद्यार्थीहरू आत्मविश्वासका कमीका कारण बोल्न वा सुनाइ परीक्षणमा राम्रो प्रदर्शन गर्न सक्दैनन् त्यसैले मूल्याङ्कन प्रक्रियामा विविधता र सहानुभूतिको अभावका कारण वास्तविक क्षमताको मूल्याङ्कन हुन सकेका छैन ।’’ यसका साथ साथै बाह्य मूल्याङ्कनमा भने मुख्य रूपमा लिखित परीक्षामा केन्द्रित हुँदा विद्यार्थीको मौखिक र व्यवहारिक भाषा कौशललाई पूर्ण रूपमा समेट्न सकिँदैन र सिकाइलाई थोरै यान्त्रिक बनाउने खतरा बढ्दै गएको पाइन्छ ।

लामो समय गणित विषय शिक्षक तथा तालिम प्रशिक्षकको भूमिका निभाउदै आएका चितवनका कृष्णहरी अधिकारीको कथनमा गणितलाई 'Mathematics for All' भन्ने नारासँगै सबै विद्यार्थीका लागि उपयोगी, व्यवहारिक र जीवनसँग जोडिएको विषय बनाउनुपर्ने धारणा सधैँ सुनिदै आएको छ । तर दैनिक अध्यापन र मूल्याङ्कनको प्रक्रियामा मैले भोगिरहेको वास्तविकता त्यो आदर्शभन्दा धेरै पर देखिन्छ । पाठ्यक्रमले २५ प्रतिशत आन्तरिक मूल्याङ्कनको व्यवस्था गरेको छ, जसमा प्रयोगात्मक र परियोजना कार्यलाई जोड दिइएको छ तर यी गतिविधिहरू अझै पनि औपचारिकताको भरमा सीमित छन् । 'शिक्षणभरि व्यस्त समय तालिका, तयारीको अभाव र स्रोत साधनको सीमिततले यिनको प्रभावकारिता घटाइरहेको छ ।'

उनले आफ्नो मूल्याङ्कनका सन्दर्भमा formative assessment लाई महत्त्व दिन थालेको बताउछन् । विद्यार्थीले कुन ठाउँमा गल्ती गरे, कहाँ बुझेनन् भन्ने कुरा तत्कालै पत्ता लगाएर सुधारको प्रक्रिया सुरु गर्ने हो भने यस्तो मूल्याङ्कनले केवल नम्बरको हिसाब होइन, विद्यार्थीको सिकाइ यात्रामा तत्कालिक प्रभाव पार्न सक्दछ । तर, व्यवहारमा यस्तो मूल्याङ्कनलाई व्यवस्थापन गर्न सजिलो छैन । ICT को प्रयोग, जस्तै GeoGebra जस्ता सफ्टवेयर, सिकाइलाई रोचक र अन्तर क्रियात्मक बनाउन सक्ने भएता पनि विद्यालयमा प्राविधिक सुविधा र तालिमको अभावले गर्दा हामी अझै पनि परम्परागत प्रविधिमै सीमित रहेका छौँ ।

सामाजिक विषय शिक्षक टीका दाहाल हेटौँडा मकवानपुरको प्रतिक्रिया अझ विस्तृत छ । उनी भन्छन् ‘‘सामाजिक अध्ययनको शीर्षक, सामग्रीको गहिराइ, शिक्षण सामग्रीको अभाव, शिक्षकको योग्यता, पूरक स्रोतको अभाव, शिक्षण कार्य कठिन भएका छन्’’ विद्यार्थीले सामुदायिक कार्य, क्रियाकलाप, चित्र, तथ्याङ्क आदि बुझ्न नसक्ने अवस्थादेखिएको छ । मूल्याङ्कनभन्दा पहिला शिक्षणमै स्पष्टता र तयारीको खाँचो छ ।

हेटौँडाबाट चितवन आई सामाजिक विषयको शिक्षणमा सक्रिय सम्झना बिडारीको भनाइ भने यस्तो रहेको छ । ‘‘यस विषयमा मूल्याङ्कनले केवल पुस्तकीय ज्ञानलाई मात्र होइन, व्यवहारिक सोच, विश्लेषणात्मक क्षमता, र सामाजिक चेतनालाई पनि समेट्न आवश्यक हुन्छ । तर, मेरो अनुभवमा अहिलेको मूल्याङ्कन प्रणाली यी सबै पक्षहरूलाई प्रभावकारी रूपमा समेट्न कठिनाइहरू देखिन्छन् । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको कक्षा उपस्थिति, सक्रिय सहभागिता, गृहकार्य, परियोजना, समूहमा काम गर्ने क्षमता, र अन्य व्यवहारिक पक्षहरूलाई ध्यानमा राखिन्छ । शिक्षकहरूले यी पक्षहरूको अभिलेख राखेर विद्यार्थीको समग्र प्रगतिको मूल्याङ्कन गर्नु पर्दछ । जसवाट विद्यार्थीको दैनिकी सिकाइ र बुझाइलाई नियमित रूपमा अनुगमन गर्न मद्दत गर्दछ । तर, प्रायः शिक्षकहरूलाई समय र स्रोत साधनको अभाव एवम् ज्ञान र सिपको कमिले गर्दा प्रभावकारी मूल्याङ्कन गर्ने अवसर चुकेको देखिन्छ ।

लिटिल फ्लावर स्कुल चितवनका सामाजिक विषयका अर्का शिक्षक धर्म पोखरेलको भनाइले मूल्याङ्कन प्रणालीले वास्तविक जरा देखाउँदछ "घोकन्ती प्रवृत्ति, प्रयोगात्मक मूल्याङ्कनको औपचारिकता, व्यवहारिक ज्ञानको उपेक्षा, ICT को अभाव, आन्तरिक मूल्याङ्कनको पारदर्शिता नरहने, rural-urban असमानता" यी सबै

मूल्याङ्कनमा विकृति ल्याउने कारक हुन् । उनी Bloom's Taxonomy आधारित मूल्याङ्कन, moderation system र सिकाइकेन्द्रित मूल्याङ्कन प्रणालीको आवश्यकता औंल्याउँद छन् ।

पूर्व चितवनको ग्रामीण क्षेत्रमा रहेको वृद्ध शान्ति मा.वि. का विज्ञान विषयका शिक्षक मीनराज घिमिरेको अनुभवले ग्रामीण क्षेत्रको वास्तविकतालाई उजागर गर्दछ । उनी भन्दछन् यति बेलाको आन्तरिक मूल्याङ्कन भनेको प्रकृतिको प्रयोगशालामा हराएको प्रयोगात्मक मूल्याङ्कन जस्तो भएको छ । "प्रयोगात्मक मूल्याङ्कन त पाठ्यक्रमको कागजमा मात्रै सिमित छ, व्यवहारमा त त्यो शून्य बराबर हो । न प्रयोगशाला छ, न परियोजनाहरू जीवनसँग जोडिएका छन् । हामी शिक्षकहरू पनि केवल औपचारिकता पूरा गर्न मै सीमित छौं ।" वर्तमान अवस्थामा विद्यालयमा प्रयोगात्मक कार्यको नाममा प्रायः कक्षाभित्रै चार्ट बनाउने, मौखिक प्रश्न उत्तर गर्ने जस्ता सामान्य गतिविधि गरिन्छ । तर प्रकृतिलाई प्रयोगशालाको रूपमा प्रयोग गर्ने सम्भावना हुँदाहुँदै पनि त्यसको उपयोग हुन सकिरहेको छैन । क्षेत्र भ्रमण, मोडल निर्माण, वा सामग्री सङ्कलन जस्ता गतिविधिहरू बजेटको अभाव, अभिभावक शिक्षा, र समयको अभावका कारण क्रमशः हराउँदै गएका छन् यस्तै, विज्ञान मेला, क्विज वा प्रदर्शनी जस्ता सहक्रियात्मक कार्यक्रमहरू सञ्चालन नहुनुले विद्यार्थीमा अन्वेषण, सिर्जनशीलता र व्यवहारिक क्षमता विकास गर्ने अवसर हराउँदै गएको छ । त्यसमाथि, मूल्याङ्कन प्रक्रियामा ७५ प्रतिशत उपस्थिति अनिवार्य भनिए तापनि व्यवहारमा त्यो कार्यान्वयनमा आएको देखिँदैन । Portfolio निर्माण जस्तो कार्य शिक्षकको जिम्मा भए पनि आवश्यक तालिम र दक्षताको अभावले गर्दा यो पनि सामान्य कागजी प्रक्रिया मात्र बनेको छ । यस्तो अवस्थामा मूल्याङ्कनलाई वास्तवमै प्रभावकारी बनाउन शिक्षकको सक्रियता, अभिभावकको साथ, विद्यार्थीको सहभागिता, र विद्यालय व्यवस्थापनको प्रतिबद्धता अनिवार्य रहन्छ । नत्र भने प्रयोगात्मक मूल्याङ्कन र परियोजना कार्य जस्ता शिक्षणका जीवनोपयोगी पक्षहरू केवल दस्तावेजमा मात्र सीमित भएर रहने छन् ।

त्यस्तै लामो समय विज्ञान शिक्षकका साथै प्रधानाध्यापकको रूपमा कार्यरत गोपाल शर्माले विज्ञान विषयको वर्तमान मूल्याङ्कन प्रणालीमा भोगेका समस्याहरूलाइ वास्तविक कथाको रूपमा प्रस्तुत गर्नुभएको छ । विज्ञान पढाउने शिक्षक भएको हुँदा शिक्षण जीवनको २० वर्षपछिसम्म पनि एउटा समस्या बारम्बार भोगिरहेको छु "प्रयोगात्मक मूल्याङ्कनको बेवास्ता, विद्यालयमा प्रयोगशाला छैन, न त प्रयोगका लागि आवश्यक सामग्री नै, प्रयोगात्मक गतिविधिलाई पाठ्यक्रमले प्राथमिकता दिएको भए ता पनि, हामीसँग कुनै निश्चित समय तालिका छैन । शिक्षकका नाताले मैले प्रयास गर्छु नै, कक्षाकोठामा नै केही प्रयोगहरू गरेर देखाउँछु, तर त्यो न वास्तविक अनुभव हो, न पर्याप्त अभ्यास, त्यस्तो अवस्थाले विद्यार्थीहरूलाई केवल पाठ्यपुस्तकको घेराभित्रै सीमित राखिदिएको हुँदा प्रयोगात्मक पक्षलाई निरुत्साहित गर्दै सैद्दान्तिक पक्षलाई मात्र जोड दिएको देखिन्छ ।

त्यस्तै चितवनको एक संस्थागत विद्यालय लिटिल फ्लावर स्कुलमा लामो समय कार्यरत टी. एन. भुषालको वर्तमान माध्यमिक तहको मूल्याङ्कन प्रणालीको बारेमा यस्तो धारणा पेश गर्दछन् । मूल्याङ्कनको कुरा गर्दा पनि यो प्रक्रिया विश्लेषणात्मक वा अनुप्रयोग मूलक होइन, यति बेलाको मूल्याङ्कन प्रणाली केवल स्मरणात्मक ज्ञान जाँच्नमै सीमित छ । तीन घण्टाको परीक्षा, त्यसमा पनि बहुवैकल्पिक र छोटा प्रश्नहरूले "न त विद्याथीको सोच परीक्षण हुन्छ, न त समस्या समाधान गर्ने क्षमता"। केही उज्याला विद्यार्थीहरू छन्, जो बुझ्न र जान्न खोज्दछन् तर शिक्षण विधि र मूल्याङ्कनको ढाँचाले उनीहरूलाई पनि निरुत्साहित बनाइ दिन्छ । परीक्षा प्रणालीमा memorization होइन, बुझेको कुरा लेख्न, प्रयोग गर्न र विश्लेषण गर्न सक्ने बनाउने खालका प्रश्नहरू ल्याउनु पर्दछ ।

लमजुङ जन विकास मा वि बेँसीशहरमा कार्यरत जीवनोपयोगी शिक्षाका एक अनुभवी शिक्षक रमेश अधिकारीले मूल्याङ्कनले सोच, व्यवहार र जीवन कौशलको परीक्षण नगरेकोमा चिन्ता व्यक्त गर्छन् । "जुन विषय नै व्यवहार, नैतिकता र निर्णय क्षमतामा आधारित छ, त्यसको मूल्याङ्कन कागजी उत्तरमा सीमित छ भने यसको प्रभाव कस्तो होला ?" उनी सिकाइलाई व्यवहारिक जीवनसँग जोड्ने दृष्टिकोण अपनाउन र शिक्षकलाई संवेदनशील विषय पढाउने तालिम दिनुपर्नेमा आफ्नो प्रस्ताव यही लेखमार्फत् राख्दछन् र उनी भन्दछन् विद्यालयमा सानोस्तरका प्रयोगशाला स्थापना गर्नका लागि राज्यले बजेट विनियोजन गर्नु पर्दछ ।

५. माध्यमिक तहको मूल्याङ्कन प्रणाली कार्यान्वयनका प्रमुख चुनौतीहरू :

नेपालमा माध्यमिक शिक्षा कक्षा ९ देखि १२ सम्मका लागि लागु गरिएको नयाँ पाठ्यक्रम र मूल्याङ्कन प्रणाली नीतिगत दृष्टिकोणबाट उत्कृष्ट भए तापनि कार्यान्वयनस्तरमा विभिन्न चुनौतीहरू देखा परेका छन् ।
मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक स्रोत र पूर्वाधारको व्यवस्थापन महत्त्वपूर्ण चुनौती हो । विशेष गरी, सामुदायिक र ग्रामीण विद्यालयहरूमा प्रयोगात्मक कार्य, परियोजना आधारित सिकाइ र सूचना प्रविधिको प्रयोगका लागि कम्प्युटर, इन्टरनेट र विज्ञान प्रयोगशालाको अभाव छ। यसले प्रायः प्राविधिक र व्यावहारिक मूल्याङ्कन विधिहरूलाई कागजमा मात्र सीमित बनाउँछ र सिकाइ प्रक्रियालाई कम प्रभावकारी बनाउँछ ।
नयाँ मूल्याङ्कन प्रणालीले शिक्षकहरूको भूमिका परिवर्तन गर्ने अपेक्षामा छ, जसमा उनीहरूलाई सहजकर्ता, उत्प्रेरक र अनुसन्धानकर्ताका रूपमा प्रस्तुत गरिएको छ । तर, अधिकांश शिक्षकहरू परम्परागत शिक्षण विधिमा अभ्यस्त छन् र नयाँ पाठ्यक्रमका लागि आवश्यक पर्ने परियोजना कार्य, प्रयोगात्मक सीप र आन्तरिक मूल्याङ्कनका लागि आवश्यक तालिमको अभाव छ । यस्ता तालिमहरूको अभावले शिक्षकहरूलाई नयाँ मूल्याङ्कन पद्धतिहरूमा आत्मविश्वास र दक्षता हासिल गर्नबाट रोक्छ, जसका कारण नयाँ प्रणालीको प्रभावकारी कार्यान्वयनमा असमर्थता उत्पन्न हुन्छ ।
धेरै विद्यालयहरूमा आन्तरिक मूल्याङ्कनलाई अन्तिम परीक्षाको अङ्क वृद्धि गर्ने एक साधनको रूपमा मात्र प्रयोग गर्न थालिएको छ । यसका कारण आन्तरिक मूल्याङ्कन प्रणालीमा निष्पक्षता र वस्तुनिष्ठता कमी भइरहेको छ । शिक्षकहरूको मूल्याङ्कन क्षमता र मापदण्डको स्पष्टता नहुनुले यस प्रणालीको प्रभावकारिता कमजोर बनाएको छ ।
नेपालको शिक्षामा परीक्षा केन्द्रित मानसिकता गहिरो रूपमा समाहित छ । विद्यार्थी, अभिभावक र विद्यालयहरूले अन्तिम परीक्षाको अङ्कलाई मात्रै सफलता मापदण्डको रूपमा लिन्छन् । यसले मूल्याङ्कनका नयाँ रूपहरू, जस्तै परियोजना आधारित मूल्याङ्कन र निरन्तर मूल्याङ्कनको महत्त्वलाई बुझ्नमा चुनौती सिर्जना गरेको छ ।
ग्रामीण र सामुदायिक विद्यालयहरूमा आवश्यक ICT उपकरण, कम्प्युटर, इन्टरनेट र विज्ञान प्रयोगशालाहरूको अभाव रहेको छ । यसले डिजिटल विभेद र शैक्षिक असमानता थप गहिरो बनाउँछ र मूल्याङ्कन प्रणालीको समान अवसर र पहुँचको सुनिश्चितता गर्न थप चुनौती थप्दछ ।
शैक्षिक नीति र यसको कार्यान्वयनमा एक ठूलो खाडल छ । नीति भनेको सिद्धान्तमा सही र उत्कृष्ट भएको देखिन्छ । शिक्षकहरूको तालिम, स्रोतसाधनको उपलब्धता र मूल्याङ्कन विधिहरूमा स्पष्टता र निगरानीको अभावले कार्यान्वयनको प्रभावकारितामा बाधा पुर्याउँछ ।

६. चुनौति तथा समस्या समाधानका लागि आवश्यक सुझावहरू :

मूल्याङ्कनको पारदर्शिता, वस्तुनिष्ठता र समानताका लागि सबै विद्यालयमा सहज भाषामा लेखिएका मूल्याङ्कन मापदण्डसहितको स्पष्ट मार्गदर्शिका वितरण गर्न आवश्यक छ । यसमा विषयअनुसार आन्तरिक मूल्याङ्कनका घटक, अङ्क विभाजन, पृष्ठपोषण दिने संरचना, र परियोजना मूल्याङ्कनका उदाहरणहरू समावेश गरिनुपर्छ ।
राष्ट्रीय परीक्षा बोर्ड (NEB) र पाठ्यक्रम विकास केन्द्र (CDC) ले आन्तरिक मूल्याङ्कनमा प्रयोग हुने परियोजना कार्य, मौखिक प्रस्तुति, व्यावहारिक कार्य, तथा सहभागिताका नमूना ढाँचाहरू सार्वजनिक गरी विद्यालयमा अनिवार्य रूपमा प्रयोग गर्न निर्देशन दिनुपर्छ ।
SEE र कक्षा ९-१२ को मूल्याङ्कनमा बाह्य ७५ प्रतिशत र आन्तरिक २५ प्रतिशत घटकबिच स्पष्ट सम्बन्ध, समन्वय र समान मान्यता सुनिश्चित गर्न मूल्याङ्कन नीति एकीकृत ढाँचामा ल्याइनु आवश्यक छ । यसले सिकाइ केन्द्रित मूल्याङ्कन संस्कृतिको विकासमा टेवा पुऱ्याउदछ ।
परियोजना कार्य, समूह छलफल, बहस, क्रियाशील अभ्यास, सामाजिक कार्य र अनुभवजन्य शिक्षण जस्ता विद्याथी केन्द्रित विधिहरू प्रयोग गर्दै मूल्याङ्कन गर्नुपर्ने अभ्यासलाई पाठ्यक्रम कै हिस्साका रूपमा विकास गर्नुपर्नेछ । विद्यालयस्तरमा मूल्याङ्कनको सही कार्यान्वयन सुनिश्चित गर्न शैक्षिक निरीक्षक तथा स्थानीय तहबिचको समन्वयमा प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्नुपर्छ ।

७. निचोड

नेपालको वर्तमान माध्यमिक शिक्षा मूल्याङ्कन प्रणालीको विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने, मूल्याङ्कन शिक्षाको अभिन्न अङ्ग हो । यसले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान दिन्छ । मूल्याङ्कन विधि सुधार गर्न सकेमात्र सिकाइको गुणस्तर बढ्न सक्छ भन्ने मान्यता स्थापित भइसकेको छ । पछिल्लो समय, नेपालले माध्यमिक तहको मूल्याङ्कन सुधारका लागि नीति तथा कार्यान्वयनको विभिन्न प्रयास गरेको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, SEE प्रणालीको पुनरावलोकन र आन्तरिक तथा बाह्य मूल्याङ्कनको सन्तुलनमा आधारित मूल्याङ्कन विधिहरू यसको उदाहरण हुन् ।

तर यस्ता प्रयासका बाबजुद, शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय प्रशासनका तर्फबाट यथेष्ट सन्तुष्टि प्राप्त हुन सकेको छैन । अध्ययनमा देखिए झैं, माध्यमिक तहको मूल्याङ्कन अझै पनि लिखित परीक्षामा आधारित, स्मृति परीक्षण प्रधान, र प्रायः अङ्कन केन्द्रीत रहँदै आएको छ । शिक्षार्थीका बहुआयामिक क्षमताहरू जस्तैः सिर्जनशीलता, आलोचनात्मक सोच, प्रयोगात्मक ज्ञान, सहकार्य र जीवनोपयोगी सीपहरूको मूल्याङ्कन कम मात्रामा प्रयोग भएको पाइन्छ ।
यी समस्याहरू समाधान गर्नको लागि नीतिगत तथा व्यवहारिक तहमा सुधार आवश्यक देखिन्छ । मूल्याङ्कन प्रणालीलाई शैक्षिक लक्ष्यसँग समायोजन गरिदै शिक्षकहरूलाई निरन्तर तालिम दिई उनीहरूको मूल्याङ्कन सीप अभिवृद्धि गर्नुपर्दछ । मूल्याङ्कन नीतिको स्पष्ट कार्यान्वयन निर्देशिका, स्रोत व्यवस्थापन र प्राविधिक सहयोग पनि अनिवार्य छ । जसले नेपालको माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी र व्यवहारिक बनाउनेमा विश्वास गर्न सकिन्छ ।

सन्दर्भ सामाग्री **References**

Curriculum Development Centre (CDC). (2019). *National curriculum framework for school education (Grades 1–12)*. Ministry of Education, Science and Technology, Government of Nepal. https://moecdc.gov.np

Government of Nepal, Ministry of Education, Science and Technology (MOEST). (2019). *National education policy 2019 (Rastriya shiksha niti, २०७६)*. https://moest.gov.np

Karki, B. (2020). Reforming student evaluation system in Nepal: Policies and practices. *Tribhuvan University Journal of Education, 37*(1), 25–38. https://doi.org/10.3126/tujed.v37i1.XXXXX

Ministry of Education, Science and Technology (MOEST). (2022). *School sector development plan (SSDP) 2016/17–2022/23: Final consolidated report*. Government of Nepal. https://moest.gov.np

National Examination Board (NEB). (2020). *Annual report 2020*. National Examination Board, Government of Nepal. https://www.neb.gov.np

Shrestha, S., & Dhakal, R. (2021). Assessment practices and challenges in secondary schools of Nepal. *Journal of Education and Research, 11*(2), 45–60. https://doi.org/10.3126/jer.v11i2.XXXXX

UNESCO. (2021). **Value-based assessment: A guide to holistic learning evaluation**. United Nations Educational, Scientific and Cultural Organization.

विद्यार्थी ड्रप आउट दर न्यूनीकरणका सवालमा सामयिक सङ्क्षिप्त चर्चा

✍ रमेशप्रसाद लामिछाने
पूर्व प्रधानाध्यापक

१.सारांश

विद्यार्थी भर्नादरमा समेत अपेक्षित लक्ष्य हासिल गर्न नसकेको वर्तमान अवस्थामा हाम्रो मुलुकको लागि भर्ना भएका विद्यार्थीलाई सम्बन्धित स्कुल कलेजमा नै टिकाउने काम फलामको चिउरा सावित भएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रकाअनुसार आधारभूत तह प्राथमिकस्तरको भर्नादरले अझै ५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको देखाएको छ । त्यस्तै कक्षा ९ र १० को भर्नादर ७५ प्रतिशत हुनु र कक्षा ११ र १२ को भर्नादर ५७ प्रतिशत मात्र हुनुलाई शैक्षिक समस्या भन्नै पर्दछ । भर्नादरमा बृद्धिको अभिभारा सँगै शिक्षणसंस्थामा भर्ना भएका विद्यार्थी टिकाउने सबाल थप चुनौतिपूर्ण विषयका रूपमा स्वीकार गरिएको छ । भर्ना भएकामध्ये आधारभूततहमा करिब २० प्रतिशत विद्यार्थीहरूले बीचैमा स्कुल छाडेको र अझ दुर्गम तथा पहाडी क्षेत्रका विद्यालयहरूमा विद्यालय छाड्ने दर ३० प्रतिशत भन्दा माथि रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्कमा देखाइएको छ । कलेजस्तरमा त झनै भयावह अर्थात ४० प्रतिशतले पढाइ छाड्ने गरेको पाइन्छ । तथ्याङ्कले छात्रा र दलितहरूको ड्रप आउट दर अधिक अर्थात ३० प्रतिशतभन्दा माथि देखाएको छ । पछिल्ला वर्षहरूमा बिचैमा पढाइ छाड्ने दर क्रमशः घटेको तथ्याङ्क आफैंमा सकारात्मक भन्नै पर्दछ । कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये करिब ४० प्रतिशत मात्र विद्यार्थीहरू कक्षा ११ र १२ मा पुग्नु भनेको गम्भीर विषय हो । आर्थिक सर्वेक्षण सन् २०२१ ले उल्लेख गरेअनुसार कक्षा १ मा भर्ना भएकामध्ये मात्र २९ प्रतिशत कक्षा १२ मा पुगेको जनाइएको छ ।

२. प्रतिवद्धता

विद्यालय बाहिर कुनै पनि बालबालिका रहनुहुँदैन । स्कुल जाने उमेरका सबै बालबालिकाहरू स्कुलमा भर्ना भएको हुनुपर्छ भन्ने सरकारको नीति रहेको छ । सन् १९९० मा थाईल्याण्डको जोम्टिनमा सम्पन्न विश्व शिक्षा सम्मेलनमा नेपालले सन २०१५ भित्र विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने छन् भनेर प्रतिवद्धता जनाएको पनि आज ३५ वर्ष भै सकेको छ । तत्पश्चात राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका अनेकौं शैक्षिक मञ्च र समारोहहरूमा नेपाल सरकारले साक्षरताका सबालमा, विद्यार्थी सहभागिताका शीर्षकमा, भर्ना भएका विद्यार्थीहरूलाई विद्यालयमा टिकाउने सवालमा, शैक्षिक स्तरीयताका पक्षमा प्रतिवद्धता जनाउँदै हस्ताक्षर गरेका दस्तावेजहरूले शिक्षा मन्त्रालयको कोठा नै भरिएको छ भन्दा अत्युक्ति नहोला । खासगरी, सेनेगलको डकारमा सन् २००० मा सम्पन्न १५ वर्षे विश्वव्यापी प्राथमिक शिक्षा अभियान, यसै वर्ष सहश्राब्दी विकासका लक्ष्यहरू सम्बन्धी न्युयोर्क सम्मेलनले विद्यालय सुधार योजना त्यस्तै दक्षिण कोरियाको ईन्चोन घोषणा २०१५ र सार्क राष्ट्रहरूको सम्मेलन माल्दिभ्स तथा काठमाडौंमा सम्पन्न घोषणामा शिक्षाका सबालहरूलाई प्राथमिकताका साथ प्रतिवद्धता जनाउने काम भएको थियो । पछिल्लो कालखण्डमा कोभिड-१९ को प्रकोपका कारणले शिक्षा अस्तव्यस्तभएको महसुस गरी सन् २०२२ मा न्युयोर्कमा सम्पन्न शैक्षिकसम्मेलनले शिक्षण संस्थामा विद्यार्थीहरूलाई टिकाउने विषयलाई उच्च महव प्रदान गरेको थियो । शिक्षण संस्थाहरूको अवस्थामा सुधार गरी बाहिर रहेका सबै विद्यार्थी विद्यालयमै फर्कने उपयुक्त वातावरणका लागि राष्ट्रसंघका सदस्य मुलुकहरूले जनाएको प्रतिवद्धता स्मरणीय छ । यी अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिवद्धताका प्रतिनिधि उदाहरणका अतिरिक्त राष्ट्रियस्तरमा शिक्षासँग जोडिएका साक्षर नेपालदेखि भर्ना दर बृद्धि, ड्रप आउटदरको न्यूनीकरण, स्तरीय शिक्षा, सीपमूलक एवम् प्रगतिशिल शिक्षा, प्रविधियुक्त शिक्षा लगायतका आकर्षक नाराहरू सरकारको नीति तथा कार्यक्रममा वर्षेनी उस्तै शैलीमा दुई दशक वर्षदेखिको निरन्तरता जारी छ ।

३. सन्दर्भ

स्कुल तथा कलेजमा भर्ना भएका सबै विद्यार्थीहरूले सम्बन्धित संस्थामा हुने पढाइ पूरा गर्नैपर्छ भनिरहँदा एकाध विद्यार्थीहरूले विविध समस्याका कारणले बीचैमा छोड्ने स्थिति आउँछ नै । तर, ड्रप आउट रेट ५ प्रतिशत भन्दा माथि हुनु अझ १५ वा २० प्रतिशत विद्यार्थीहरूले कक्षा पूरा नगर्नु वा जाँचै नदिनु भनेको शिक्षामा गम्भिर चुनौति भन्नै पर्दछ । शैक्षिक सत्र २०८०/०८१ मा कक्षा ११ का भर्ना भएकामध्ये १३ प्रतिशत

विद्यार्थीले जाँचै नदिएको विवरण बाहिर आएको छ । त्यस्तै यहि वर्ष कक्षा १२ मा पनि ९ प्रतिशतले जाँचै दिएनन् । शैक्षिक सत्र २०७७/०७८ मा कक्षा ११ र १२ को विद्यार्थी ड्रप आउट रेट क्रमशः २० र १५ प्रतिशतभएको तथ्याङ्क बाहिर आएकै हो । भर्ना भएको तह मात्र नभै कक्षा नै पूरा नगर्ने अझ परीक्षा आवेदन फर्म भरेर पनि जाँच नदिने विद्यार्थीहरूको संख्याले स्कुल कलेजहरू चिन्तित भेटिन्छन् । विशेष गरी विद्यार्थी ड्रप आउट दर नीजिमा भन्दा सरकारी शिक्षण संस्थाहरूमा उच्चदेखिन्छ । विद्यार्थी ड्रप आउटका सवालमा गरीने विश्लेषण र समीक्षा अनि नियन्त्रणका उपायहरू हुँदै नभएका भन्न खोजिएको होईन बरु ती उपायहरूको कार्यान्वयन पक्ष भने झिनो र औपचारिकतामा सीमित बनेको तथ्य स्वीकार्नै पर्दछ । यस आलेखमा कहिले कति विद्यार्थीहरू ड्रप आउट भएभन्दा पनि के कारणले भए र ती कारणहरू समाधानसँग जोडेर सङ्क्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ ।

४. कारणहरू

कुनै पनि समस्या एक्लै आउँदैन भनिन्छ । समस्या सदैव समाधानसहित उब्जने तथ्यमा कतै विमति छैन । विद्यार्थी ड्रप आउटका विभिन्न कारणहरू बारम्बार छताछुल्ल भएकै हुन् । आर्थिक अवस्था जुन गरीबी एवम् विपन्नतासँग जोडिएको कारणको चर्चा शीर्ष स्थानमा पाइन्छ । अर्को महत्त्वपूर्ण कारणको रूपमा सामाजिक स्थिति, परम्परा, संस्कृति, शिक्षण संस्थाको वातावरण, आदि पर्दछन् भने तेस्रोमा भौगोलिक दूरी, राज्यको शैक्षिक नीति र उद्देश्यसँग जोडिएका छन् । यी कारणहरूको क्रम व्यक्तिको वास्तविकता र बुझाइमा भर पर्दछ । कतिपयले विद्यार्थीमैत्री वातावरणको चर्चा गर्दछन् भने कतिपयले किन पढ्नेको जवाफ खोजिरहेका छन् । शिक्षालाई ज्ञान सँग मात्र हैन, सीपसँग जोड्न नसकेको अर्थात उत्पादनमुखी नभएको कारणले विद्यार्थीमा शिक्षा आर्जनप्रतिको वितृष्णा बढेको भन्नेहरू पनि कम छैनन् । शैक्षिक स्तरीयता र गुणस्तरमा सरकार अल्मलिएको अनि शिक्षा प्रणालीसँग जोडिएको विषयस्तरीय शिक्षाका बारेमा सघन विश्लेषण गरी योजना बनाउन नसकेको वा बेवास्ता गरेको अवस्थाप्रति शिक्षाका विज्ञहरूले आवाज उठाउँदै आईरहेको तर्फ जिम्मेवार पक्ष गम्भीर नबनेकै हो । शैक्षिक स्तरीयता भन्दा पनि स्तरीय शिक्षा आजको आवश्यकता हो । उच्च शिक्षाका शीर्षकमा वर्षेनी लाखौं युवाहरू अरबौं रकमसहित बाहिरिरहेको हाम्रो यथार्थतालाई यहाँका नेतृत्वले नबुझेको हैन कि बुझेर पनि बुझ पचाएको भन्न सकिन्छ । यो सबैभन्दा लाचार स्थिति हो ।

क.आर्थिक समस्या:- विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ । पाठ्यपुस्तक निशुल्क उपलब्ध गराइएको छ । स्कुल कलेजमा शुल्क तिर्नु पर्दैन । कतिपय अवस्थामा पोशाक र झोलासमेत दिइएको छ । शिक्षण संस्थामा विद्यार्थी दिवा खाजाको व्यवस्था पनि छ । घरदेखि स्कुल कलेजसम्मको दूरी पनि टाढा छैन । सुदृढ भौतिक संरचनासहित शिक्षण संस्थाको लाईब्रेरी, ल्याब, फर्निचर, कक्षाकोठा, शैक्षिक सामग्रीहरू, शिक्षण सिकाई क्रियाकलाप आदि सबै उत्कृष्ट हुँदाहुँदै पनि विद्यार्थी ड्रप आउट हुन्छ । यस्तो स्थिति भनेको विद्यार्थीको अन्तर्यमा जोडिएको आर्थिक समस्या हो । अभावले ग्रसित सम्बन्धित परिवारभित्र विद्यार्थीको आमा, बुबा, दाजुभाइ, दिदी बहिनीसमेतका स्थितिले पढाइको निरन्तरतामा निर्णायक भूमिका खेल्न सक्छ । यहाँ व्यक्ति नभएर परिवार जोडिएको हुन्छ । खासगरी, दुर्गम गाउँहरू, हिमाली तथा पहाडी क्षेत्रमा र तराईका श्रमिक एवम् कमैया वस्तीहरूमा स-साना भाइ बहिनीको हेरचाह नै पहिलो आवश्यकता बन्न सक्छ । परिवारका कुनै व्यक्ति दीर्घ रोगले ग्रसित भएका कारण एकजनाले घर छोड्नै नमिल्ने अवस्था पनि हुन सक्छ । आम्दानीको प्रमुख स्रोत खेती र पशुपालन मात्र भएका परिवारमा थप व्यस्तताको स्थिति हुन्छ नै । व्यापार वा जागिर नभएका परिवारमा नगद प्राप्ति नै व्यक्तिको गन्तव्य बन्न सक्छ । विभिन्न कारणले ऋणको भार थाम्न कठिन भै वैदेशिक रोजगार तथा स्वदेशमै पनि घरदेखि टाढा कामका लागि गएका परिवारका मुलीहरूका कारणले पनि सबैलाई सहज नहुन सक्छ । आर्थिक समस्याभित्र पर्ने सम्भाव्य केही कारणहरू यसरी सहजै देख्न सकिन्छ । यी र यस्तै प्रकृतिसँग जोडिएका समस्याहरूका समाधान पनि छन् र ती योजनावद्ध निष्ठापूर्वक कार्यान्वयनमा जाने हो भने यी कारणले हुने विद्यार्थी ड्रप आउट दर न्यून बनाउन सकिन्छ ।

ख.सामाजिक स्थिति :- हाम्रो सामाजिक संरचना, परम्परा, संस्कृति आदिले पनि कतिपय विशिष्ट अवस्थामा विद्यार्थी ड्रप आउटलाई प्रश्रय दिईरहेको भेटिन्छ । जन्म, मृत्यु र बिवाह मात्र नभै परम्परागत पर्वहरू, पारिवारिक जमघट अनि यात्रासँग जोडिएका आफन्तमा पर्ने पारिवारिक उत्सव तथा कार्यक्रमहरूले समेत विद्यार्थीका कक्षा छुट्ने मात्र हैन, परीक्षा पनि छुट्न सक्छ । स्कुले जीवनमै बिवाह बन्धनमा जोडिएका विद्यार्थीहरू बिरलैले पढाइलाई निरन्तरता दिएको पाइन्छ । कतिपय समुदायमा अझै पनि छोरा र छोरी बिचको

विभेद सहजै देख्न सकिन्छ । छोरीलाई सरकारी स्कुलमा र छोरोलाई निजीमा पढाइरहेका परिवारको कमी छैन । बिवाहपश्चात् पनि श्रीमती पढाउने श्रीमान र बुहारी पढाउने सासु ससुरा पनि यही समाजमा छन् । त्यस्ता उदाहरणीय व्यक्ति परिवारलाई चिनाउने काम ओझेलमा रहेकाले पनि समस्या यथावत रहेको हो । पढेर को ठूलोभएको छ र ? हात्ती पढेर ठूलो भएको हो र ? हाम्रा नेतागण, मन्त्रीहरू, पालिकाका ठूला भनिएका सबै प्रमुख, उपप्रमुख, अध्यक्षहरू, पदाधिकारीहरू, उद्योगी व्यवसायीहरू, जमिन्दार, ठेकेदार, गाउँटोल शहरका धनी सम्पन्न र बिचौलियाहरू शैक्षिक योग्यताकै कारणले तत्स्थानमा पुगेका हुन् र ? भन्ने जस्ता बेतुकका गफहरू पनि शैक्षिक वितृष्णाका कारक बनिरहेका छन् । यस्ता गैरसामाजिक बिचारहरूलाई निस्तेज बनाउन सोही अनुरूपका कार्यक्रमहरू बनाउन सकिन्छ ।

